# लेखापरीक्षण प्रतिवेदन

# कैलाश गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कैलाश गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२५

च.न :DRAFT/FAR/2081-82/LOC/644

श्रीमान् अध्यक्षज्यू

कैलाश गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।०९।२७ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२५

च.न :DRAFT/FAR/2081-82/LOC/644

## स्थानीय तहको रायसहितको प्रतिवेदन

### विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू

कैलाश गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु. १ अर्ब १४ करोड ९ लाख ६१ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट रु. ८५ लाख २४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ लाख ३ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु. ४१ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु. २१ लाख ६६ हजार र पेश्की बाँकी रु. ० गरी जम्मा रु. ८४ लाख २१ हजार बाँकी रहेको छ। गतवर्ष सम्म कायम बेरुजू रु. १५ करोड ८५ लाख ६५ हजार मध्ये रु. ७९ लाख ८६ हजार फस्र्यौट भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १५ करोड ८९ लाख ९९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७५ | ६८ | ८५,२४,३४२ | ० | २ | १,०३,२२८ | ० | ७५ | ६६ | ८४,२१,११४ | ४१,४६,०६९ | २१,६६,४१० | २१,०८,६३५ | ० | ० | ४२,७५,०४५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १५,८५,६५,४४८ | ० | ७९,८६,६६३ | १५,०५,७८,७८५ | ० | ८४,२१,११४ | १५,८९,९९,८९९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ३५ | भरपाई पेश नभएको | ८७,८१३ |
| २ | २०८१/८२ | ५२.९ | उपभोक्ता समिति परिचालन | १५,४१५ |
| ३ | २०८०/८१ | २३ | सिटिइभिटि अनुदान | ७,००,००० |
| ४ | २०८०/८१ | ५० | सडक बोर्ड तर्फ | २,४५,१२९ |
| ५ | २०८०/८१ | १ | फरफारक तथा अनुगमन समितिको भत्ता | ६८,८५० |
| ६ | २०८०/८१ | ८६.२ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ९,८४,२३० |
| ७ | २०८०/८१ | ४९.१ | नाम्कालिङ् तिमालिङ् झोलङ्गेपुल | ७०,४७७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | २ | अनुगमन भत्ताः | ६५,४५० |
| ९ | २०७८/७९ | ३३ | नाफामुलक संस्थालाई सहयोग | २,९१,००० |
| १० | २०७८/७९ | ८९ | थप व्ययभार | ५,७९,२५८ |
| ११ | २०७८/७९ | ९२ | गुणस्तर परीक्षण | २२,९६,१७६ |
| १२ | २०७८/७९ | ७९ | कोभिड रोकथाम कार्यक्रम | ३,९८,८९० |
| १३ | २०७८/७९ | ४० | अघिल्लो आ.व.को भुक्तानी- | १,०७,००० |
| १४ | २०७७/७८ | ३५ | स्लाइसिगं | २३,१४,५०३ |
| जम्मा | | | | ८२,२४,१९१ |

# कैलाश गाउँपालिका, मकवानपुर

# ( ८०३३२५०२३०० )

# कैलाश गाउँपालिका , मकवानपुर

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल २०४.४८ वर्ग किलोमिटर तथा २३९२२ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०७।१९ देखि २०८२।०७।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय तथा व्ययतर्फ रु. १ अर्ब १४ करोड ९ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु. ४८ हजार ६६३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ **वित्तीय प्रतिवेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

**कैलाश गाउँपालिका, मकवानपुर**

**आर्थिक बर्ष २०८१।८२ को**

**एकीकृत आर्थिक विवरण**

| **प्राप्ति** | | | **भुक्तानी** | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **१) सुरु मौज्दात** | | ६५,९७५,५५५.१७ | **१.चालु खर्च** | | २६५,८६०,१ |
| क).संचित कोष | ५२,१६६,१५८.३० | | क).पालिका तर्फ | ११४,१०७,६६५.४२ | |
| ख)धरौटी | १२,१३८,५६३.०० | | ख).संघीय सशर्त | १४८,८९६,५२२.५४ | |
| ग) कार्यसञ्चालन कोष | १,६७०,८३३.८७ | | ग).संघीय विशेष | - | |
| घ)अन्य कोष | | | घ).प्रदेश सशर्त | २,८५५,९४३.३५ | |
| **२) आन्तरिक आय** | | ८,५७१,२९७.०९ | ५.प्रदेश विशेष | - | |
| **क) आन्तरिक आय** | ८,५७१,२९७.०९ | | **२.पुँजीगत खर्च** | | १५५,०५१,० |
| **३. वित्तीय हस्तान्तरण (संघ)** | | ३५९,०५२,९५२.२० | क).पालिका तर्फ | १०४,६५४,४०१.०७ | |
| क) समानीकरण अनुदान | ८२,९५१,०४०.०० | | ख).संघीय सशर्त | ४,८०९,७२०.०० | |
| ख) राजस्व बाँडफाँट | ९६,०१०,६६२.२० | | ग).संघीय विशेष | - | |
| ग) सशर्त अनुदान | १७३,५९१,२५०.०० | | घ).संघीय समपुरक | ६,५००,०००.०० | |
| घ) समपुरक अनुदान | ६,५००,०००.०० | | ङ).प्रदेश सशर्त | २३,१९३,५८२.०० | |
| ङ) विशेष अनुदान | - | | च).प्रदेश विशेष | ४,२२५,५१२.०० | |
| च) रोयल्टी | | | छ).प्रदेश | ११,६६७,८८२.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समपुरक | | |
| छ) अन्य | | | 3. अन्तर सरकारी अख्तियारी (संघ) | | ११३,२५३,४ |
| ४. वित्तीय हस्तान्तरण (प्रदेश) | | ७६,२४८,४२९.२९ | क)सामाजिक सुरक्षा | ८६,६८७,०५५.०० | |
| क) समानीकरण अनुदान | ८,४३२,०००.०० | | ख)गरिबसँग विशेश्वर कार्यक्रम | - | |
| ख) राजस्व बाँडफाँट | २०,६८८,१७८.२९ | | ग)स्थानीय तह प्रशासकीय भवन | २५,८७६,३८१.४४ | |
| ग) सशर्त अनुदान | २९,५६०,०००.०० | | घ)विद्यालय क्षेत्र सुधार कार्यक्रम | ६९०,०००.०० | |
| घ) समपुरक अनुदान | १३,३३०,२८१.०० | | ३) अन्य वित्तीय व्यवस्था तर्फ खर्च | | ५,५४६,०९ |
| ङ) विशेष अनुदान | ४,२३७,९७०.०० | | विविधखर्च खाता | ३,६८८,८२९.१६ | |
| च) रोयल्टी | | | धरौटीफिर्ता तथा सदर स्याहा | १,८५७,२६१.०० | |
| छ) अन्य | | | अनुदानफिर्ता | | २५,०७०,२ |
| ५. अन्तर सरकारी अख्तियारी (संघ) | | ११३,२५३,४३६.४४ | १.संघ तर्फ | | |
| क) सामाजिक सुरक्षा | ८६,६८७,०५५.०० | | क)सशर्त अनुदान | १९,८८५,००७.४६ | |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | - | | ख)विशेष अनुदान | - | |
| ग) स्थानीय | २५,८७६,३८१.४४ | | ग)समपुरक | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| तह प्रशासकीय भवन पूर्वाधार | | | अनुदान | | |
| घ) विद्यालय क्षेत्र सुधार कार्यक्रम | ६९०,०००.०० | | २.प्रदेश तर्फ | | |
| ङ) अन्य वित्तीय व्यवस्था | | | क)सशर्त अनुदान | ३,५१०,४७४.८५ | |
| ६. अन्य वित्तीय व्यवस्था | | १९,०५४,७४६.४५ | ख)विशेष अनुदान | १२,४५८.०० | |
| क).विविध खर्च खाता | ३,९९२,११७.२४ | | ग)समपुरक अनुदान | १,६६२,२९९.०० | |
| ख. धरौटी आय | ३,६२१,६७७.०० | | अन्तिममौज्दात | | ७७,३७५,४२ |
| ग). कर्मचारी कल्याण कोष आय | १,०००,०००.०० | | १.संचित कोषको मौज्दात | ५९,९०५,७००.६० | |
| घ) दहत्तर बहत्तर शुल्क(विभाज्य कोष ) | १०,४४०,९५२.२१ | | २.धरौटी | १३,९०२,९७९.०० | |
| | | | ३.विविध खर्च खाता बाँकी | २,०१७,२३१.७५ | |
| | | | कर्मचारीकल्याण कोष | १,०००,०००.०० | |
| | | | EFT दोहोरो | ५४९,५११.०० | |
| जम्मा | | ६४२,१५६,४१६.६४ | | | ६४२,१५६,४१६.६ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.८,६६,८७,०५५।००, स्थानीय तह प्रशासकिय भवन २,५८,७५,३८१।४४, र विद्यालय क्षेत्र सुधार कार्यक्रममा रू ६,९०,०००।०० समेत गरी रू ११,३२,५३,४३६।४४ सुत्रमा लेखाङ्कन गरेको छैन । साथै म.ले.प.फाराम २७० को

एकीकृत आर्थिक विवरणले धरौटी र कोषहरूको आय र व्यय देखाएको छैन । सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्कहिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । जसको विवरण निम्नानुसार रहेको छ ।

कैलाश गाउँपालिका बैंक हिसाब विवरण

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२।३।३२ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२।३।३२ को बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ३ | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | ग २.२, चालू खर्च | १५२००९४५.३३ | १५२००९४५.३३ | ० |
| ५ | ग २.४, पुँजीगत खर्च | २०७४२९६८.६७ | २०१९४४५७.६७ | ५४८५११ |
| ६ | ग २.७, विविध खर्च खाता | २०१७२३१.७५ | २०१७२३१.७५ | ० |
| ७ | ग ३.१, स्थानीय तह धरौटी खाता | १३९०२९७९ | १३९०२९७९ | ० |
| ८ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २४५१०२९७.६ | २४५१०२९७.६ | ० |
| ९ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ० | ० | ० |
| १० | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ११ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | 0 | ० | ० |
| १२ | स्थानीय तह कर्मचारी कल्याण कोष | १००००० | १००००० | ० |
| जम्मा | | ७७३७४४२२ | ७६८२५९११ | ५४८५११ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ।कार्यालयले संघिय राजस्व दाखिला EFT बाट गर्दा दोहोरो संघीय राजस्व खातामा दाखिला भएकोले श्रेस्ता भन्दा बैक घटी देखिएको रू ५४८५११।०० संघिय सरकारबाट फिर्ता लिई हिसाव मिलान गर्नुपर्दछ ।

## ३ आन्तरिक आय तर्फ

**आयको अनुमान तथा संकलन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. ७० लाख ५३ हजार (कुल बजेटको १.४४ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २ करोड २१ लाख ८४ हजार (दहत्तर बहत्तर समेत) १७ वटा राजस्व शिर्षकबाट राजस्व संकलन भएको छ।

पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलीत राजश्वबाट पुँजी निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ । पालिकाले विगत ३ वर्षको अनुमानित राजश्व तथा संकलन गरेको राजस्वको विवरण निम्नानुसार रहेको छ।

| आर्थिक वर्ष | अनुमानित राजस्व | यथार्थ सङ्कलन | अघिल्लो वर्षभन्दा घटी/बढी रकम |
|---|---|---|---|
| २०७९।८० | २१२५०००० | ६३६२८११ | (१४८८७१८८) |
| २०८०।८१ | १११६०९०५ | १०४९५६९ | (६६५२११) |
| २०८१।८२ | ७०५३००० | २२१८४०३४ | १५१३१०३४ |

आ.ब.२०८१।८२ को शिर्षक अनुसारको राजस्वको अनुमान तथा संकलनको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | राजस्व शीर्षक | अनुमानित आय | संकलन रकम |
|---|---|---|---|
| १ | सम्पती कर | ८२०००० | १२०२७३८.९३ |
| २ | भुमिकर/मालपोत | ४१००० | २०२८६०.७५ |
| ३ | वहाल कर | २००००० | ७१८२०१.०३ |
| ४ | व्यवसायले भुक्तानी गर्ने | २०००० | ८७५० |
| ५ | कृषिजन्य उपज निकासी शुल्क | १०५००० | ८५७७३ |
| ६ | न्यायिक दस्तुर | ३००० | ० |
| ७ | अन्य सेवा शुल्क तथा बिक्री | २८५००० | १९२००० |
| ८ | परीक्षा शुल्क | २१००० | ५६९०० |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क | ५३०००० | ११९६३६४.४६ |
| १० | सिफारिश दस्तुर | ३५०००० | ७९०९२२ |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | २१०००० | ५६८२५० |
| १२ | नाता प्रमाणित दस्तुर | ५०००० | ६३४५० |
| १३ | अन्य दस्तुर | २०००० | २४५० |
| १४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५००० | ५८५० |
| १५ | अन्य राजस्व | ५३३००० | ३०९५५४२.९२ |
| १६ | बेरूजू | ० | ३८२२४४ |
| १७ | दहत्तर बहत्तर शुल्क | ३८५०००० | १३६११७३७.२ |
| जम्मा | | ७०५३००० | २२१८४०३४.३ |

**आन्तरिक आयको प्रतिशत** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीयको अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०७२२७५६३ | २२१८४०३४ | ७.२२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सामा ७.२२ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**सम्पत्ति कर–** पालिकाको आर्थिक ऐन,२०८१ को दफा २ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा नगरपालिकाको कर र गैर कर राजश्व सम्वन्धी ऐन,२०८१ बमोजिम सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था रहेको छ।साथै सम्पत्ति करको दर अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले सम्पत्ति करको तथ्याङ्क अद्यावधिक गरी राखेको छैन । यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू. १२०२७३८। मात्र संकलन गरेकोमा सो रकम वास्तविक हो भन्न सकिदैन।पालिकाले करको विभिन्न क्याटेगोरीहरु अनुसार तथ्यांङ्क अद्यावधिक गर्नुपर्दछ । त्यसरी बाकी कर रकम पालिकाले यकिन गरी असुल गर्नुपर्दछ।

**मनोरञ्जन कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन।यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।

**व्यवसाय कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको व्यवस्थित अभिलेख अध्यावधिक गरेको छैन। पालिकामा व्यवसाय गरेर बस्ने व्यवसायीको वास्तविक विवरण पालिका सँग रहेको छैन।जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर वापतको रु. ७२५०। मात्र संकलन गरेको छ।जुन् शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।पालिकामा दर्ता भएका व्यवसायको नविकरणको अवस्था निम्नानुसार रहेको छ । .

**कार्यालय तथा वडागत राजस्व संकलन तथा असुली —**पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका तथा वडा अनुसारको राजस्व संकलनको विवरण निम्नानुसार रहको छ ।पालिकाले यस आर्थिक बर्षमा रू.१९००६३३८०।सबैभन्दा बढि राजस्व पालिका कार्यालयबाट ८५.६७ प्रतिशत संकलन भएको छ भने सबैभन्दा घटि राजस्व २ नं वडा कार्यालयबाट रू. १२७२१७ अर्थात् कुल राजस्वको ०।५७ प्रतिशत राजश्व संकलन भएको छ। पालिका कार्यालय बाहेक वडाबाट मात्र .रू ३१७७६५४ राजश्व संकलन भएको छ भने कुल राजस्वको तुलनामा सबैभन्दा वढि राजस्व ५ नं.वडाबाट ५४१९९४ संकलन भएको छ ।

| क्र.सं. | राजस्व संकलन गर्ने कार्यालय | संकलन रकम |
|---|---|---|
| १ | गाउँपालिका | १९००६३८० |
| २ | वडा नं.१ | ३१८३०३ |
| ३ | वडा नं.२ | १२७२१७ |
| ४ | वडा नं.३ | २८७३९५ |
| ५ | वडा नं.४ | ३९७१७९ |
| ६ | वडा नं.५ | ५४१९९४ |
| ७ | वडा नं.६ | २४५६८८ |
| ८ | वडा नं.७ | १९६८०२ |
| ९ | वडा नं.८ | २१९९९० |
| १० | वडा नं.९ | ३०४२३० |
| ११ | वडा नं.१० | ५३८८५२ |
| जम्मा | | २२१८४०३४ |

**सामुदायिक वनबाट आम्दानी -**

स्थानीय सरकार संचालन ऐन,२०७४(संशोधन सहित) को दफा ६२(ख) १ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा ६२(ख) २ मा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना पालिकामार्फत स्वीकृत गराउने नगरेको तथा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको सञ्चित कोषमा दाखिला गरेको देखिएन ।ऐनमा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको संचित कोषमा दाखिला गराउनु पर्दछ ।

४ **दहत्तर बहत्तरको आय ठेक्का**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क)(१) अनुसार गाउँपालिका तथा नगरपालिकाको आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परीमाणमा स्लेट,ढुंगा,गिट्टि बालुवा तथा माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यवस्था रहेको छ।त्यसैगरी बागमती प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ९ अनुसार ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा र स्लेट संकलनमा अनुसूची-५ बमोजिम मूल्य अभिवृद्धि कर बाहेक प्रति घन फिट रु.७।०० शुल्क लाग्ने व्यवस्था छ।यस पालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको संकलन तथा निकासी कर संकलनको लागि (IEE प्रतिवेदनमा समावेश भएको १६६२३२३।०४ क्यु फिट को न्यूनतम् राजश्व रु १३५२४६६०।३८ ) मिति २०८१।०५।१४ गते मध्यान्न राष्ट्रिय दैनिकमा सुचना प्रकाशन भएकोमा एक मात्र बोलपत्रदाता श्री हिस्टोरिकल कन्स्ट्रक्सनले मू अ क सहित रु १ करोड ३५ लाख २४ हजार ९ सय ७० कबोल गरी मिति २०८१।०७।२७ मा स्विकृतिको पत्र दिएकोमा मिति २०८१।०८।१६ मा सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

(क) ठेक्का फारामको शर्तनामा नं ३ मा कबोल अंकको एकमुष्ठ वा तीन किस्तामा ५० प्रतिशतका दरले प्रथम किस्ता वापतको रकम रू ६७६२४८५ सम्झौता अघि र दोस्रो किस्ता वापत २५ प्रतिशत ले हुन आउने रकम रू ३३८१२४३ मिति २०८१।१२।१० गतेभित्र वुझाई सक्ने र बाँकि अन्तिम किस्ता वापतको रुकम रु ३३८१२४२ मिति २०८२।०२।१० गते वुझाउनुपर्ने उल्लेख रहेको छ । तर पालिका सँग सम्झौताका वखतमा रु. ६७६२४८५।पालिकाको खातामा जम्मा भएको देखिन्छ भने बाँकि रकममा १० प्रतिशत थप गरी रु ७४३८७३४। को कार्यसम्पादन जमानत राखेकोमा सम्झौतामा भएको शर्त अनुसार दोस्रो किस्ताको रकम २०८१।१२।१० सम्ममा वुझाएको देखिदैन । उक्त प्रा लि ले पटक पटक गरी रु २२१३१६४। पालिकालाई रकम वुझाएको देखिन्छ भने वुझाउन बाँकी रकम रु. ४५४९२५१। बैंक ग्यारेन्टि जफत गरी सानिमा बैंक मार्फत पालिकाको खातामा जम्मा भएको देखिन्छ ।

(ख) बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ९ (४) ३ मा स्थानीय तहमा जम्मा भएको रकम विभाज्य कोषमा जम्मा गरी कोषमा जम्मा भएको रकम साठि प्रतिशत स्थानीय तहमा र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यो वर्ष पालिकाको ढुङ्गा, गिट्टी, वालुवा, स्लेट लगायतको प्राकृतिक स्रोतको उपयोगको रोयल्टी वापत जरिवाना समेत सङ्कलन भएको रकम रु १,३६,१२,७३७। को मूल्यअभिवृद्धि करबाहेकमा ४० प्रतिशतले हुने रकम रु. ४७८७६०० मध्ये रु. २३,६२,७३२ प्रदेश सञ्चित कोषमा दाखिला भएकोमा लेखापरीक्षण अवधिसम्म बाँकी रकम रु. २४,२४,८६८ पालिकाको खातामा रहेकोले प्रदेश सरकारको खातामा जम्मा गर्नुपर्ने देखिएको छ ।

(ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहबाट संकलन भएको मूल्य अभिवृद्धि कर वापतको रकम वाँडफाँट गर्न संघीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष दहत्तर बहत्तर आयबाट संकलन भएको रकम रु. १३५२४९७०। संकलन गरी यस वापतको मूल्यअभिवृद्धि कर रु. १५५५९७०। मध्ये रु. ७,६७,८८८ सङ्घीय संचित कोषमा दाखिला भएकोमा रु ७८८०८२ लेखापरीक्षणको अवधिसम्ममा पालिकाको विभाज्य कोषमा रहेकोले संघीय सरकारमा रकम पठाएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८८,०८२ |

५ **नीति तथा कार्यक्रम कार्यान्वयन**

यस वर्षको पालिकाको नीती तथा कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भएका केहि प्रमुख विषयहरुको कार्यान्वियनको अवस्था निम्नानुसार रहेको छ ।

• सुरक्षित यातायात सञ्चालन गर्न सवारीसवारी साधनको लागि उपयुक्त स्थानमा बसपार्क निर्माणको लागि सम्भाव्यता अध्ययनको कार्य सुरुवात गर्ने नीति कार्यान्वियनमा आएको छैन ।

• सुपथ मूल्यमा कृषि उपज उपलव्ध गराउन मासिक हाटवजार सञ्चालन गर्न आवश्यक पूर्वाधार व्यवस्था गर्ने नीति कार्यान्वियनमा आएको पाईएन ।

• पशु विमा कार्यक्रम सञ्चालन गर्ने नीति कार्यान्वियनमा आएको पाईएन ।

• नमूना युवा उद्यम कार्यक्रम सञ्चालन गर्ने नीति कार्यान्वियनमा आएको पाईएन ।

• १० शैयाको अस्पताल सञ्चालनमा ल्याउने नीति कार्यान्वियनमा आएको छैन ।

अतः पालिकाले स्वीकृत गरेका नीति तथा कार्यक्रमको कार्यान्वियन गर्नुपर्दछ ।

६ **बजेट नीति तथा कार्यक्रम**

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा आयको प्रक्षेपण र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी फाल्गुन महिनाभित्र आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई बजेट सीमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई बजेटको सीमा उपलब्ध गराएको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गर्दा पालिकाले थप दुई वर्षको बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार आय तथा बजेट प्रक्षेपण गरी स्थानीय तहको बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा पालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने, बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । ऐनमा व्यवस्था भएअनुसार समितिले स्थानीय तहको आवश्यकताअनुरूप कार्यक्रमको प्राथमिकीकरण गरेको पाइएन । बजेटको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।१० गते रु. ४८,९२,६७,७१८ को बजेट सभा समक्ष पेश गरेकोमा सोही मितिमा सभाबाट पारित भएको पाइयो । यसैगरी पालिका प्रमुखले मिति २०८१।०३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेस, पारित तथा अख्तियारी प्रदान गर्ने कार्य कानुनले तोकेको समयसीमाभित्र सम्पन्न भएको देखिन्छ भने आगामी आर्थिक वर्षमा पनि यस प्रक्रियालाई निरन्तर कायम राख्नुपर्दछ ।

६.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णयमार्फत विभिन्न २५ योजनाबाट १ करोड २३ लाख ८२ हजार ५०० पुँजीगत बजेट घटाएर ४८ योजनामा बचत बजेटबाट समेत रु. ३ करोड ९४ लाख ८७ हजार थप गरी सुरु पुँजीगत बजेट रु. १९,४३,७४,००० को तुलनामा २०.३१ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । यसरी पटक-पटकको निर्णय मार्फत योजनामा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गरी बजेटमा समावेश भएका स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६.५ **अवण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने र उपदफा ६ मा गाउपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनको प्रथिमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा कार्यक्रम स्पष्ट नगरी भैपरी चालु तर्फ रु. २० लाख र पुँजीगत तर्फ रु. ४० लाख गरी रु ६० लाख अबण्डा बजेट राखेको छ । उक्त रकम विभिन्न मितिमा कार्यपालिकास्तरीय निर्णय गरेर खर्च गरेको देखिन्छ । रकम एकमुष्ट अवण्डा राख्ने र तोक आदेशको आधारमा योजना छनौट गरी खर्च गरेको मनासिव देखिएन । यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्ने देखिएको छ ।

## ७ त्रैमासिक तथा क्षेत्रगत खर्च बाँडफाँट

७.१ **त्रैमासिक खर्च** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा ४ मा आयोजना कार्यान्वियन गर्दा वार्षिक कार्ययोजना बनाई कार्यान्वियन गर्नुपर्ने र त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र त्यसपछि विनियोजनभन्दा कम नहुने गरी प्रत्येक महिना न्यूनतम दश प्रतिशतका दरले असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्नबमोजिम छ ।

| त्रैमासिक/खर्च शीर्षक | चालु | पूंजीगत | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रथम त्रैमासिक | ५७१८५५३२ | ३०७८७७८ | ६०२६४३१० | १४.३२ |
| दोस्रो त्रैमासिक | ५१७५३१२१ | ४३८१६१४ | ५६१३४७३५ | १३.३४ |
| तेस्रो त्रैमासिक | ६८४७९३९१ | ५१५५३५६७ | १२००३२९५८ | २८.५२ |
| चौथो त्रैमासिक | ८८४४२०८७ | ९६०३७१३८ | १८४४७९२२५ | ४३.८३ |
| आषाढ महिनाको | ६१५०६९४३ | ५७०९८०५० | ११८६०४९९३ | २८.१८ |
| जम्मा खर्च | २६५८६०१३१ | १५५०५१०९७ | ४२०९११२२८ | १००.०१ |

उपर्युक्त विवरणअनुसार चालु र पुँजीगत शीर्षकमा बार्षिक खर्च रु. ४२,०९,११,२२८ रहेकोमा त्रैमासिक रूपमा खर्चको प्रतिशत क्रमश: १४.३२, १३.३४, २८.५२, ४३.८३ रहेको देखिन्छ भने आषाढ महिनाको मात्र खर्च कुल खर्चको तुलनामा २८.१८ प्रतिशत रहेको छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वियनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखिनै योजना बनाई प्रभाकारी कार्यान्वियनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

७.२ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| विवरण | बजेट | खर्च | बजेट । खर्चप्रतिशतमा | बजेट । श्रोतप्रतिशतमा |
|---|---|---|---|---|
| सामाजिकविकास | २३,०४,०३,०१८ | १९,७७,९३,४८० | ८५.८४ | ४४.५९ |
| पूर्वाधार विकास | १३,३३,०५,००० | १०,०९,८०,३१८ | ७५.७५ | २५.८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०,०२,७०० | ६३,५४,८९८ | ७९.४ | १.५४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,३१,४६,६२२ | ८,८६,४१,३७८ | ७८.३४ | २१.९ |
| क्षेत्र नतोकिएको | ६५,००,००० | ६५,००,००० | १००.०० | |
| जम्मा | ५१,०१,४०,३४० | ४१,४४,११,२२८ | ८१.२३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. ५१,०१,४०,३४० मध्ये रु. ४२,०९,११,२२८ खर्च गरेकोमा समग्र खर्चको तुलनामा क्षेत्रगत रूपमा सामाजिक विकासमा सबैभन्दा बढी ४४.५९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी १.५४ प्रतिशत खर्च रहेको छ भने कुनै क्षेत्र नतोकी रु. ६५ लाख बजेट विनियोजन र खर्च गरेको देखिन्छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गरेको देखिएन । क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्दछ ।

८ **सम्पत्ति व्यवस्थापन**

**(क) सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

**(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

**(ग) जिन्सी सम्पत्तिको सुरक्षा** - आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तिको लेखाङ्कन तयार हुने र स्वीकृत म.ले.प. फाराम अनुसार सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । मिति २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रूपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का

सम्झौता अनुसार प्राप्त सम्पत्तिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको पाइयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै म.ले.प. फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टि गरी पेश गर्नुपर्दछ ।

**(घ) मालसामानको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापन** - हाल स्थानीय तहहरू विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन् । त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ । त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य सङ्घ संस्थाले निर्माण गरेका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा, भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न दिँदा, भौतिक रूपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कनसहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामग्री अन्य प्रयोजनमा उपयोग भएका छन् वा छैनन् भनी यकिन गर्न सकिएन ।

## ९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तिरिक नियन्त्रण प्रणाली लागू गरेको नपाइएकोले आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ रूपमा कार्यान्वयन भएको पाइएन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहायबमोजिम रहेका छन् ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शीर्षकको अनुगमन तथा मूल्याङ्कन गरी भौतिक तथा वित्तीय नतिजाको प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी तरिकाले खर्च गरेको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ती समितिहरुको दर्ता नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा सो नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली ,२०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रचलिन नियमानुसार प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १० गत वर्षको दायित्व

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धीत कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन, नियममा भएको व्यवस्था बमोजिम गतवर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित गरी यो वर्ष रु ९७६८०७। भुक्तानी दिएको देखियो। पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी ऐन, नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । जसको विवरण निम्नानुसार रहेको छ ।

| आ.व. २०८०।८१ को भुक्तानी दिन बाँकीको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|
| पाठ्यपुस्तक लेखन | दिनानाथ गौतम, राजाराम पराजुली र वीर बहादुर प्रजा | ४,५०,०००/- |
| किताब डिजाइन तथा सम्पादन | गौरी शंकर छापाखान | ६४,९०७.२०/- |
| भाषा सम्पादन | पुरुषोत्तम आचार्य | १२,१६०/- |
| मध्यमकालिन खर्च संरचना निर्माण | बजार विकास केन्द्र प्रा.ली. | ४,४९,७४०/- |
| जम्मा | | ९७६८०७। |

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । त्यस्तै दफा ३ मा उपदफा २ बमोजिम आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित

अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख गरेको छ । पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुरबाट गराएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण पालिकाका आन्तरिक लेखापरीक्षकबाट गराएको छ। कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षणमा औल्याइएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गराएको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

१२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिको योजनाहरुको सूची समेत तयार गरी कार्यन्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिको ठुला योजनाको छनौट नगरी स-साना टुक्रे योजनामा ठुलो मात्रमा बजेट छुट्याएको छ। यस वर्ष संचालन भएका योजनामध्ये ५ लाखसम्मका १२५ योजना, ५ देखि २० लाख सम्मका १७ योजना तथा २० लाखभन्दा बढीका ६ योजना रहेका छन् । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुलो योजना छनौटलाई प्राथमिकताम राख्नुपर्दछ ।

१३ **लक्ष्य प्रगति**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले संचालन गरेका स्थानीय स्तर, जिल्ला स्तर तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरी लक्ष्य अनुसारको प्रगति समयमै प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । पालिकाबाट सञ्चालित १४९ योजनामध्ये ३ को शून्य प्रगति, २ को ५० प्रतिशत प्रगति र ५ को ७५ प्रतिशत प्रगति भएको विवरण प्राप्त भएको छ भने १३९ योजनाको कार्य सम्पन्न भएको देखिन्छ ।

१४ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई गाउँपालिका तर्फका स्थायी कर्मचारीलाई रु. १,४०,५६,३७१.३४/- र सङ्घीय सरकारबाट हस्तान्तरित अन्तर्गत स्वास्थ्य तर्फ रु. ९४,७३,४२५/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **दरबन्दी भन्दा बढी कर्मचारी**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगर सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ । त्यस्तै दफा ७ मा माथि उल्लेखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले संघीय सरकारबाट प्राप्त गरेको ९८ जनाको स्वीकृत दरबन्दीबाट कार्यालयमा सेवा प्रवाह गर्न असहज भएका कारण दाहाल ग्रुप अफ कन्सल्टेन्टबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिका, वडा कार्यालय, कैलाश अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र स्वास्थ्य संस्थाहरुमा कुल १७२ जनाको दरबन्दी प्रस्ताव गरेको देखिन्छ । जुन प्रस्तावलाई मिति २०७९/०३/२२ गतेको दशौँ गाउँसभा बैठकबाट अनुमोदन भएको देखिन्छ । सो प्रस्ताव अनुरुपको दरबन्दीलाई कार्यान्वयन नगरी पुनः मिति २०८०/११/०४ गतेको

गाउँपालिकाको १३ औँ गाउँसभाबाट १२३ जनाको दरबन्दी स्वीकृत गरेको देखियो । यसरी गाउँपालिकामा वास्तविक रुपमा आवश्यक पर्ने दरबन्दीको संख्या यकिन गर्न प्रभावकारी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्दछ । यसरी गाउँसभाबाट आवश्यक दरबन्दी संख्या थप नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी थप गर्नुपर्दछ । साथै थप भएको दरबन्दीलाई ऐनमा भएको व्यवस्था बमोजिम प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने देखिन्छ । यसरी १३ औँ गाउँसभाबाट स्वीकृत दरबन्दी संख्या भन्दा देहाय बमोजिमको पदमा दरबन्दी भन्दा बढी संख्यामा पदपूर्ती भएको देखिएकोले दरबन्दी भन्दा बढी संख्यामा पदपूर्ती भएको रकम नियमानुसार नदेखिएको रु.

| क्र.सं | पदको विवरण | बढी पदपूर्ती संख्या | वार्षिक भुक्तानी |
|---|---|---|---|
| १. | ल्याब असिस्टेन्ट (तह चौथौ) | १ जना | ४२७७२६ |
| २. | अनमी वर्थिङ (तह चौथौ) | १ जना | ४२७७२६ |
| ३. | नेत्र सहायक (तह पाचौं) | १ जना | ४५१४९० |
| **जम्मा** | | | **१३,०६,९४२** |

| | |
|---|---|
| अनियमित भएको | १३,०६,९४२ |

## १६ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० (पहिलो संशोधन मापदण्ड २०८१) बनाई उक्त मापदण्डको दफा नं ७ मा प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्था गरी उक्त दफामा भएको प्रावधानको अधीनमा रही यस वर्ष कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा रु. ४६,००,०००/- बजेट विनियोजन गरी रु. ४४,९८,०३८/- खर्च गरेको छ । पालिकाको आफ्नो आन्तरिक आम्दानी रु. २,२१,८४,०३४.३०/- को तुलनामा उक्त शिर्षकमा २०.२७ प्रतिशत खर्च भएको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक आम्दानीले धान्न सक्ने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ ।

## १७ करार कर्मचारी

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा १३ र १४ मा कार्यालयले स्वीकृत दरबन्दी भित्र परेका पदहरु कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, पलम्बर, माली, सरसफाई कर्मचारी लगायतमा सम्झौता गरी करारमा राखी सेवा लिन पाउने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष करार सेवामा रु. २,६४,००,०००/- बजेट विनियोजन गरी रु. १,८७,७५,११५/- खर्च गरेको छ । यसरी ऐनमा तोकिएका बाहेकका स्थायी मार्फत पदपूर्ती गर्नुपर्ने इन्जिनियर, असिष्टेन्ट सव इन्जिनियर, ना.प्रा.स कृषि कृषि सेवा, ना.प.स्वा.प्रा पशु सेवा, सि.अ. हे. व/ अ.हे.व , सि.अ.न.मी / अ.न.मी., हेल्थ असिस्टेन्ट/अ.हे.व., लगायत २४ पदमा पनि करार सेवा मार्फत पदपूर्ती गरेको देखियो । यसरी कार्यालयले प्रदेश लोकसेवामा आवश्यक पदका लागि समयमै माग आकृति फारम पठाइ समयमै करार सेवामा रहेका पदमा स्थायी पदपूर्ती गर्नुपर्ने देखिन्छ ।

## १८ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधीनमा रही कार्यालयले गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य गरी ५४ जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम पारिश्रमिक पदाधिकारी शिर्षकबाट रु. ८०,००,०००/- बजेट विनियोजन गरी सेवा सुविधा वापत जम्मा रु. ७२,४८,०००।- भुक्तानी गरेको छ।

१९ **अतिथि सत्कार, विविध तथा सभा संचालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष विविध तर्फ रू. १५,००,०००/- बजेट विनियोजन गरी रु.१३,७५,०५५/- खर्च गरेको छ । साथै सभा सञ्चालनको तर्फ रु. ८,००,०००/- बजेट विनियोजन गरी रु. ६,५३,०५०/- खर्च गरी जम्मा विविध र सभा सञ्चालनमा रु. २०,२८,१०५/- खर्च गरेको छ । पालिकाको आन्तरिक आय रू. २,२१,८४,०३४.३०/- को तुलनामा उक्त खर्चमा ९.१४ प्रतिशत खर्च भएको देखिन्छ । चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

२० **सवारी साधनको ईन्धन र मर्मतमा भएको खर्च**

२०.१ **ईन्धन खर्च** – सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि ईन्धन (कार्यालय प्रयोजन) शिर्षकमा रु.६०,००,०००/- बजेट विनियोजन गरी शिवम् फ्यूल सेन्टर, हेटौडा (६०१७८१७८४) र अन्य विभिन्न स्टोरबाट विभिन्न मिति र भौचरबाट ईन्धनको कुपन प्रयोग गरी र सोझै बिल पेश गरी रु. ५०,४६,०४५/- खर्च गरेको छ । बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को अनुसुची -१ (क) मा भएको ईन्धन प्रयोगको मासिक दर भन्दा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षले बढी दरमा र आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको देखियो ।महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा पालिकाले ईन्धनको प्रविष्टी PAMS मा गरेको पाइएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ ।

पालिकाका १ थान स्कार्पियो, १ थान बोलेरो, १ थान ट्रिपर, २ थान एम्वुलेन्स, २९ थान मोटरसाइकल र २ थान स्कुटर रहेकोमा ति सवारीसाधनमा कति इन्धन खपत भएको भनी एकीकृत विवरण समेत राखेको पाइएन । पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेपनि अभिलेख दुरुस्त हुनेगरी अद्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अद्यावधिक गर्नुपर्दछ । यसरी पदाधिकारी र कर्मचारीले ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम ईन्धन प्रयोग गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२०.२ **सवारी साधन मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौँ संशोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ । साथै कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० (पहिलो संशोधन मापदण्ड २०८१) को दफा ५ मा सवारी साधनको मर्मत सुविधाको व्यवस्था गरेको छ । जसमा दुइपाङ्ग्रे सवारी साधनमा प्राविधिक कर्मचारीका लागि प्रति महिना मर्मतका लागि रु.३०००/- (वार्षिक रु.३६०००/-) र अन्य कर्मचारीलाई मर्मत वापत प्रति महिना रु.२०००/- (वार्षिक रु.२४०००/-) का दरमा सुविधा उपलब्ध गराउने उल्लेख छ । स्रेस्ता परीक्षण गर्दा तोकीएको दर र सीमा भन्दा वार्षिक रुपमा दुइपाङ्ग्रे सवारीमा मर्मत खर्च बढी भएको देखियो । कार्यालयमा प्रयोग भएका चारपाङ्गे सवारी साधनको हकमा कार्यविधिमा उल्लेख नगरेकोमा सोमा मर्मतका लागि आवश्यकताका आधारमा गरेको देखियो । यसरी उपलब्ध गराइने मर्मत खर्चको अभिलेख आर्थिक प्रशासन शाखाले अनूसुची २ बमोजिम राख्ने व्यवस्था गरेकोमा व्यवस्थित रुपमा राखेको देखिएन । कार्यालयले यस वर्ष देहाय बमोजिमका मर्मत शिर्षकमा रु. ५४,००,००० बजेट विनियोजन गरी रु ५१,०५,३५५ खर्च गरेको छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मर्मत आदेश, अभिलेख लगायतका लागि PAMS को प्रयोग नगरी Manual मर्मत आदेश र अभिलेख राखेको छ । कतिपय मर्मतको रकम फर्मलाई भुक्तानी हुन पर्नेमा व्यक्तिले सोधभर्ना लिएको देखियो । यसरी कार्यालयले नियमावली र निर्देशिकामा भएको व्यवस्था बमोजिम मर्मत खर्च गर्ने र नियमानुसार मर्मत आदेश र अभिलेख राख्नुपर्ने देखिन्छ ।

यस वर्ष मर्मत सम्भारका लागि विनियोजित बजेट र खर्चको विवरण देहाय बमोजिम रहेको छ

| क्र.सं | बजेट शिर्षक | विनियोजित बजेट | खर्च रक |
|---|---|---|---|
| १. | सवारी साधन मर्मत खर्च | ४४००००० | ४१०५३५५ |
| २. | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०००००० | १०००००० |
| | **जम्मा** | **५४,००,०००** | **५१,०५,३५५** |

२१ **आर्थिक सहायता सम्वन्धमा**

२१.१ आर्थिक सहायता – सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । साथै उक्त मार्गदर्शनमा उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ । पालिकाले विपन्न नागरिक औषधोपचार तथा संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८० बनाई दफा २ मा उल्लेख भएका व्यक्तिलाई दफा ४ बमोजिम गठित सिफारिस समितिको सिफारिसका आधारमा रु. १५ देखि ३० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउने र सो भन्दा बढीको आर्थिक सहायताका लागि कार्यपालिका वैठकबाट निर्णय गर्ने व्यवस्था गरेको छ । त्यस्तै दफा ६ र ८ मा गाउँपालिका अध्यक्षले व्यक्तिगत तर्फ रु.२५००/- देखि रु.५०००/- सम्म र संस्थागत तर्फ रु. ३० हजार सम्म तोकादेशमा आर्थिक सहायता उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । यस वर्ष देहाय बमोजिमका शिर्षकबाट विभिन्न ३८ जना व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराएको देखियो । पालिकाको आन्तरिक आम्दानी रू. २,२१,८४,०३४.३०/- रहेकोमा आन्तरिक आम्दानीको ३.११ प्रतिशत रकम व्यक्तिगत र संस्थागत आर्थिक सहायतामा वितरण गरेको छ। पालिकाले आर्थिक सहायता वितरण गर्ने कार्यमा पारदर्शिता र मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

| क्र.सं | बजेट शिर्षक | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| १. | अन्य सामाजिक सुरक्षा | ५००००० | ४९८५०० |
| २. | अन्य संस्थालाई अनुदान | ३००००० | १६४००० |
| ३. | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | २००००० | ३०००० |
| | **जम्मा** | **१०,००,०००** | **६,९२,५००** |

२१.२ अन्य निकायको खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले संघीय सरकार अन्तरगतका निम्नानुसारका कार्यालयको लागि बजेट खर्च गरेको छ । यि कार्यालयको आफ्नै अख्तियारी हुने हुनाले पालिकाले अन्य निकायलाई सहयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै माथिल्लो तहका कार्यालयको लागि खर्च गरेको रकम नियमसंगत नभएको रू.

| गो.भौ.नं/ मिति | कार्यालयको नाम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| ८६-०८१/०७/१२ | अस्थायी प्रहरी चौकी नामटार | मौला पुजा | १०००० |
| ८७-०८१/०७/१२ | प्रहरी चौकी मार्ता | मौला पुजा | ९०२४ |
| ११६-०८१/०८/०५ | प्रहरी चौकी डाडाखर्क | मौला पुजा | १०००० |
| | **जम्मा** | | **२९०२४** |

| अनियमित भएको | २९,०२४ |
|---|---|

## २२ कानुन निर्माण र न्यायिक समिति

२२.१ **कानून निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकालाई आफ्नो एकल अधिकार अन्तर्गत आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा आर्थिक ऐन र विनियोजन ऐन बाहेक अन्य २ ऐन तथा मापदण्ड र कार्यविधि ३ समेत ५ वटा कानून बनाएको विवरण पेश गरेको छ । ऐनबाट प्रदत्त अधिकार प्रयोग गरी नियमावली तर्जुमा गर्ने तथा नियमावलीको अधीनमा रही निर्देशिका, मापदण्ड, कार्यविधि आदिको तर्जुमा गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले ऐन तथा नियमावली निर्माण नगरी निर्देशिका, मापदण्ड, कार्यविधिको निर्माण गरेको देखिन्छ ।

२२.२ **न्यायिक समितिको कार्यसम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरिको छ । सो व्यवस्थाअनुसार न्यायिक समितिले आफू समक्ष पेस भएको विवादहरू मेलमिलापबाट वा कानूनी प्रक्रियामार्फत कारबाही गर्नुपर्दछ । मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको मितिले ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने कानूनी व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार चालु वर्षमा दर्ता भएको ७ नयाँ मुद्दा सहित ९ वटा मुद्दा रहेकोमा ४ फर्स्योट भएको तथा १ न्यायिक निकायमा रिफर गरेकोबाहेक ४ मुद्दा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको समयसीमाभित्रै फर्स्योट वा आवश्यक कानूनी कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

## २३ खरिद योजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार वार्षिक १० लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद योजनामा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनका लागि नियमावलीको पालना गरी वार्षिक खरिद योजना तयार गर्नेर्फ ध्यान दिनुपर्दछ ।

## २४ ठेक्का व्यवस्थापन

बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष ९ वटा ठेक्का व्यवस्था भएको देखिन्छ । कार्यालयले नियमानुसार समयमा नै ठेक्का बन्दोबस्त गरी कार्य सम्पन्न गर्ने तर्फ सुधार गर्न आवश्यक छ । यस कार्यालयको आ.व. २०८१/८२ को ठेक्का विवरण निम्न बमोजिम रहेको छ ।

| योजनाको नाम, ठेगाना | संझौता मिति | सम्झौता रकम (भ्याट सहित) | भुक्तानी रकम | निर्माण कम्पनिको नाम | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| मनहरी खोला पक्की पुल देखी नामटार कालिकाटार सडक | २०८१-०१-१६ | १,९४,९६,५८७ | १,९०,७५,४८८ | आयुश्री विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., ईन्द्रसरोवर , मकवानपुर | ९७.८४% |
| सालबास हुँदै सानोडाँडाखर्क सडक योजना, कैलाश-२ र ८ | २०८१-०८-०९ | १,१६,६०,५६३ | ७१,६२,४४० | एरोन-गुरु-सिपाली जे.भी. , बानेश्वर | ६१.४२% |
| कृतिमानडाँडा हुँदै बनझाक्री खोलासम्म सडक स्तरोन्नती , कैलाश-३ , ४ | २०८१-०९-१७ | ५,१८,०३,१४९ | ३,२७,३०,००२ | आयुश्री विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., ईन्द्रसरोवर , मकवानपुर | ६३.१८% |
| महभिरखोला खानेपानी योजना, कैलाश-०३ | २०८१-११-२१ | ४७,०१,२३५ | ४२,३९,१८४ | पल्भिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स, त्रिपुरासुन्दरी-०२ , धादिङ | ९०.१७% |
| कैलाश वैकुण्ठ जिपलाईन पूर्वाधार निर्माण | २०८०-१२-०२ | ५५५६ | ७९,६६,६३८ | सन्ध्या निर्माण सेवा | योजना सम्पन्न भएको |
| किर्तिमान डाँडा फास्टार भर्ता वाक्सीराङ सडक योजना कैलाश-३, ७ र ८ | २०८०-०८-२० | २५८८६ | १८५९२ | वि.पि./ए.वि.एस. जे.भि., काभ्रेपलान्चोक , नेपाल | ९०% सम्पन्न |

२५ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२६ **कैलाश ग्रामिण आँखा उपचार केन्द्र**

पालिकाले एक आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ । जसमा एक चिकित्सक र एक कार्यालय सहयोगी कार्यरत रहेका छन् । उक्त केन्द्रको आफ्नै बैंक खाता रहेको छ भने आवश्यक केहि सामाग्रिहरु पालिका मार्फत खरिद गरेका चस्मा लगायतका सामाग्रि विक्रि गरेर खरिद गर्ने गरेको पाईएको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस आ ब मा रु २०७६३० आम्दानी र रु ७३५८० खर्च भएको छ । यो आ व अन्तमा रु. १३४०५२ बैंकमा रहेको देखिन्छ ।

२७ **गृहिणि महिला सशक्तिकरण कार्यक्रम**

गृहिणि महिला सशक्तिकरण कार्यक्रमको लागि सामाजिक विकास मन्त्रालय बागमति प्रदेशबाट रु २१ लाख ९ हजार प्राप्त भएकोमा उक्त रकम रु १८ लाख ११ हजार खर्च भई रु २ लाख ९८ हजार बचत रहेकोमा यस सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन् ।

२७.१ **(क) बचत रकमः** यस कार्यक्रम अन्तरगत पाँच वटा गैरसरकारी संस्थाले चाउमिन बनाउने तालिम,सिलाइ बुनाई तालिम लगायतका तालिम कार्यक्रम १५ दिन देखि ३३ दिन सम्म सञ्चालन गरी ८४ जनालाई तालिम दिएको देखिन्छ । उक्त तालिमको लागि पालिकाले १५ र मन्त्रालयले ८५ प्रतिशत लागत साझेदारी गरेको देखिन्छ ।सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएको रकम रु २१०९०००। मध्ये रु १८१०५८१। खर्च भई रु २९८४१९ बचत रहेकोमा पालिकाको विविध खातामा उक्त रकम रहेको देखिन्छ । यस कार्यक्रम सञ्चालन गर्ने कार्यविधिमा उक्त रकम फिर्ता गर्नुपर्ने वा नपर्ने स्पष्ट रुपमा लेखेको देखिदैन ।

२७.२

**(ख) गैरसरकारी संस्थाको बिल** – आयकर ऐन, २०५८ को दफा ८८ मा वासिन्दा व्यक्तीले नेपालमा स्रोत भएको भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गर्नुपर्ने काम गैरसरकारी संस्थाले सम्पन्न गरी भूक्तानी गरेका निम्नानुसारका गैर सरकारी संस्थालाई दिएको भूक्तानीमा गैर सरकारी संस्थाको आफ्नै बिल प्रयोग नगरी अन्य विभिन्न पार्टिको बिल प्रयोग गरी भूक्तानी गरेकोमा नियमानुसार १५ प्रतिशत कर कट्टि गरी भूक्तानी गर्नुपर्नेमा कट्टि नगरी भूक्तानी गरेकोले नियमानुसार लाग्ने १५ प्रतिशत कर असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

| सि नं | कार्यक्रम तथा तालिमको नाम | कार्यक्रम संचालन गर्ने गैरसरकारी संस्था | भुक्तानी रकम | कट्टा गर्नुपर्ने कर |
|---|---|---|---|---|
| १ | चाउमिन बनाउने तथा उद्यमशिलता तालिम | महिला एकता सार्थक समाज (३०४६०४६३८) | २६६६४३ | ३९९९६ |
| २ | व्युटिसियन तालिम | हिमगंगा ग्रामिण विकास केन्द्र | ४७०००० | ७०५०० |
| ३ | सिलाइ बुनाई तालिम | समाज सुधार तथा संरक्षण केन्द्र | ४६५००० | ६९७५० |
| ४ | ह्यान्डिक्राप्ट तथा उद्यमशिलता तालिम | जन जागरण समाज (६०९१५१८१३) | २७४१५० | ४११२२ |
| ५ | मौरी पालन तालिम | सामुदायिक वातावरणिय विकास नेपाल (१२९२७४५५५) | ३३४७८८ | ५०२१८ |
| जम्मा | | | | २७१५८६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७१,५८६ |

२८ **स्वास्थ्य बिमा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यबस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष स्वास्थ्य बीमा कार्यक्रमका लागि रु.१०,००,०००।– बजेट विनियोजन (राजश्व बाडँफाट प्रदेश सरकार) गरेकोमा स्वास्थ्य बिमा बोर्ड मार्फत १९६ परिवारको रु ३५०० का दरले बिमा गराइ रु .६ लाख ८६ हजार।– (६८.६%) रकम भुक्तानी खर्च गरेको छ।पालिकाले यस कार्यक्रमको लागि कार्यविधि वनाएको पाईएन। त्यसकारण यस्ता कार्यक्रम सञ्चालन गर्दा पालिकाले दीर्घकालीन रुपमा धान्न सक्ने वा नसक्ने विषयमा विश्लेषण गर्नुपर्ने देखिएको छ। संघीय सरकारले कार्यान्वयनमा ल्याएको यस कार्यक्रमलाई पालिकले शत् प्रतिशत अनुदान मार्फत सञ्चालनमा ल्याएकोले सेवाग्राहिको यस कार्यक्रममा अपनत्व लिने देखिदैन।यस कार्यक्रम सञ्चालनको लागि पालिकाले कार्यविधि वनाई स्वास्थ्य बीमाको कुल प्रिमियम रकमको शतप्रतिशत रकम वार्षिक रुपमा एकमुष्ट प्रदान गर्नका लागि पालिकाको स्थायी बासिन्दा, बैंक तथा वित्तिय संस्थाको रकम हिनामिना नगरेको, कालो सुचीमा नपरेको, पालिकालाई बुझाउनुपर्ने कर, दस्तुर र शुल्क बुझाएको, पालिकाले संचालन गरेको पूर्ण सरसफाई कार्यक्रममा सहभागी हुने प्रतिवद्धता पत्र बमोजिम पेश गरेको, लाभग्राही सुचीमा परि छनौट भएको, नेपाल सरकारको जुनसुकै स्तरको कर्मचारी वा निजको परिवार एंव अन्य निश्चित मासिक पारिश्रमिक सेवा सुविधा प्राप्त गर्ने व्यक्ति वा निजको परिवार बाहेक निश्चित आयस्रोत नभइ आर्थिक रुपमा विपन्न भएको, स्थायी रुपमा व्यापार नगरेको वा आम्दानीको श्रोत निश्चित नभएको, वैदेशिक रोजगारमा संलग्न नरहेको र वडा समितिको बैठक बसी निर्णय गरे पश्चात सुची प्रकाशन गर्ने व्यवस्था जस्ता सर्त तोक्नुपर्ने देखिन्छ । जसले गर्दा वास्तविक व्यक्तिले अनुदान प्राप्त गरे नगरेकोको कुरामा आश्वस्त हुने आधार तय हुने गर्दछ । पालिकाको आन्तरिक आम्दानी न्यून भएको अवस्थामा आन्तरिक आम्दानीको ठुलो प्रतिशत रकम यस्ता वितरणमुखी र भविष्यमा बढी व्ययभार पार्ने योजना र कार्यक्रममा खर्च गर्दा पालिकालाई थप व्ययभार पर्ने देखिन्छ।

२९ **सुत्केरी पोषण तथा रक्षा सामाग्रि खरिद कार्यक्रम**

पालिकाले गर्भवती तथा सुत्केरी पोषण प्रवर्धन तथा रक्षा स्वास्थ्य सामाग्रि खरिदमा रु २० लाख विनियोजन गरि रु १४९६४७०। अर्थात् कुल विनियोजन रकमको ७४.८२ प्रतिशत खर्च भएको देखिन्छ । यस सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन् ।

२९.१

(क) कार्यपालिकाबाट मिति २०८१।१२।६ मा स्विकृत तथा मिति २०८१।१२।०६ मा प्रमाणित भएको गर्भवति/सुत्केरीहरुको लागि खाद्य आहार तथा कुपोषित घरपरिवारको पोषण प्रवद्धनको लागि पोपण प्याकेज झोला वितरण तथा पोषणजन्य कार्यक्रमको कार्यविधि,२०८१ कार्यान्वयनमा ल्याएको छ ।उक्त कार्यविधिको दफा नं ३ को उपदफा २ मा पोषण प्याकेज खरिद गर्दा प्रचलित सार्वजनिक खरिद सम्वन्धी कानूनले निर्धारण गरेका विधि र प्रक्रिया अवलम्वन गर्नुपर्ने उल्लेख छ।तर पालिकाले सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था जस्तै लागत अनुमान तयार गर्ने,प्रतिस्पर्धि खरिद विधि अपनाएर खरिद गर्ने लगायतका व्यवस्था पालना गरेको पाईएन। कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२९.२ (ख) यस आर्थिक वर्षमा पालिकाले यस कार्यक्रमको लागि मिति २०८२।०२।०४ गो भौ न ४३५ मा ईन्द्रेणि डिपार्टमेन्ट स्टोरबाट ३२० पोका पोषण सामाग्रि खरिद रु ७६५९७३ (प्रति पोका रु २४२६) मा खरिद गरी १० वटा स्वास्थ्य संस्थालाई वितरणको लागि ३१४ वटा पोका पठाएकोमा ३१३ वटा पोका वितरण गरी १ मौज्दातमा रहेको र पालिकामा ६ वटा मौज्दात रहेको कार्यालयले उपलव्ध गराएको विवरणमा उल्लेख छ । यसरी खरिद भएका ७ वटा पोषण सामाग्रि वितरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९८७ |

२९.३ (ग) मिति २०८२।०३।०३ गो भौ नं ५२८ नेपाल स्वास्थ्य ईन्ड्रस्टिजबाट रु ७१९८९८ (प्रति ईकाई लागत १२६३) को ५७० पोका खिर मिक्स खरिद गरी १० वटा स्वास्थ्य संस्थालाई सबै खिर मिक्स वितरणको लागि पठाएकोमा ४८० वटा वितरण भएका छन् भने स्वास्थ्य संस्थामा ९० वाँकि रहेको देखिन्छ । सम्वन्धीत लाभग्राहिलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,६७० |

## ३० **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजिगत शिर्षकबाट रु १५५०५१०९७।०७ खर्च गरेकोमा रु 6,32,07,115.०० अर्थात् ४०.७६ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलवन्दी सोझै अन्य रु १,९३,२६,०२२।०० र उपभोक्ता समितिबाट रु ७,२५,१७,९६०।५८ को खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ३१ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ । पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरु जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमाजेष्ठ नागरिकलाई सिरक डस्ना वितरण,अवलोकन भ्रमण, तरकारी बिउ वितरण वापत खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ । केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| गो.भौ.नं र मिति | कार्यक्रम | विवरण | रकम |
|---|---|---|---|
| २०७-०८१/१०/०४ | जेष्ठ नागरिकसँग जनप्रतिनिधि कार्यक्रम | सिरक, डस्ना र पि फर्म वितरण | ३७५७२५ |
| विभिन्न | गर्भवति तथा सुत्केरी पोषण प्रवर्धन तथा रक्षा कार्यक्रम | पोषण सामाग्री वितरण | १५९३६२० |
| २१७-०८१/१०/१३ | विद्यालय व्यवस्थापन समिति पदाधिकारी र प्रधानाध्यापकलाई शैक्षिक अवलोकन भ्रमण | खानाखाजा, होटल बास, गाडी भाडा र ईन्धन | ३००००० |
| ३६६-०८२/०१/०३ | एसईई परिक्षामा खाना खाजा तथा आवास व्यवस्थापन खर्च | खाना खाजा र आवास व्यवस्थापन | ५००००० |
| ३६८-०८२/०१/०३ | न्यायिक समिति तथा मेलमिलापकर्ता अध्ययन अवलोकन भ्रमण | खानाखाजा, आवास र गाडीभाडा | ३००००० |
| ३८९-०८२/०१/०८ | तरकारी बिउ खरिद तथा वितरण कार्यक्रम | बिउ वितरण | ४६९२४४ |

## ३२ विद्युत जरिवाना भुक्तानी

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुदाँ नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिबाना स्वरुप रु.६४,६३६/- सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५%, १०% र २५% सम्म जरिबाना समेत बिल रकमको भुक्तानी गरेको कार्य नियमसंगत नदेखिएको रु.

| गो.भौ.नं र मिति | कार्यालय | बिल रकम | जरिबाना दर | जरिबाना रकम |
|---|---|---|---|---|
| ५९-०८१/०६/१८ | गाउँपालिका | ६७०५६ | १०% र २५ % | १३८१९ |
| १६७-०८१/०९/११ | वडा नं ४ | १३५६१ | १०% र २५ % | ३१०६ |
| १७६-०८१/०९/१९ | गाउँपालिका | १२९९० | २५ % | ३२४७ |
| २३७-०८१/१०/२८ | गाउँपालिका | ६२६०५ | विभिन्न | ६१६५ |
| ३३५-०८१/१२/२० | गाउँपालिका | ४७९५२ | विभिन्न | ८६९१ |
| ४१६-०८२/०१/२२ | नामटार स्वा. चौकी | ६०८१६ | विभिन्न | १४९४८ |
| ४१६-०८२/०१/२२ | वडा नं ९ | ६३२२५ | विभिन्न | ३५४९ |
| ५२४-०८२/०३/०३ | गाउँपालिका | ४६७३४ | ५% र २५ % | ८१६० |
| ५७५-०८२/०३/१० | वडा नं ४ | १३०९९ | ५% र २५ % | २९५१ |
| **जम्मा** | | | | **६४,६३६** |

| अनियमित भएको | ६४,६३४ |
|---|---|

## ३३ वडा कार्सयालय सञ्चालन खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा कार्यालयहरुको कार्यालय सञ्चालनका लागि वार्षिक रु.२,४०,०००/- बजेट विनियोजन गरी १० वटा वडाको वार्षिक वडा सञ्चालन खर्च जम्मा रु. २४,००,०००। गरेको छ । कार्यालयले वडा खर्चका लागि आवश्यक मापदण्ड बनाएको छैन । कार्यालयले उक्त बजेटबाट वडाको लागि आवश्यक बिजुली, पदाधिकारी बैठक भत्ता, मसलन्द तथा कार्यालय सामाग्रीर खाना खाजा लगायतको विविध प्रकृतिका खर्चमा खर्च गरेको देखियो । वडा कार्यालयमा भएका खर्चको नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा निम्नानुसारका व्यहोरा देखिएका छन् ।

- खरिद भएका सामाग्रीहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला PAMS मा भएको देखिएन । म्यानुअल जिन्सी दाखिला गरेकोमा दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं र जिन्सी वर्गिकरण नियमानुसार गरेको देखिएन ।

- यसैगरी खाना खाजा खर्चको भुक्तानीमा केही वडा कार्यालयले बैठक बसेको माइन्युट वा कार्यक्रममा उपस्थित भएका व्यक्तिको उपस्थितिको प्रमाण पेश नगरी बिल मात्र पेश गरेको देखियो ।
- विभिन्न आपूर्तिकर्ता, पार्टी र व्यक्तिहरुलाई रकम भुक्तानी गर्दा उपयुक्त विद्युतीय माध्यम वा बैङ्किङ प्रणाली मार्फत नगरी वडा सचिव वा वडाको कर्मचारीले सोधभर्ना लिई वा पेश्की लिई नगद भुक्तानी गरेको देखियो ।
- दैनिक प्रशासनिक संयन्त्रबाट अनिवार्य रुपमा गरिने क्रियाकलाप र कामकारबाहीका सामान्य विषयलाई समेत बैठकको विषय बनाइ बैठक बसी बैठक भत्ता भुक्तानी गरेको देखियो ।

## ३४ सामाजिक सुरक्षा भत्ता वितरण खर्च

सामाजिक सुरक्षा ऐन २०७५ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा भएको व्यस्था बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीको खातामा बैंक मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी भत्ता वितरण गर्दा अतिरिक्त विविध खर्च गर्न मिल्ने देखिँदैन । तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा सेवाग्राहीलाई सहजता ल्याउने उद्धेश्यले घुम्ती बैंकिङ्ग सेवा कार्यक्रम सञ्चालन गर्न सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन खर्चमा रु. ३,००,०००/- बजेट व्यवस्था गरी देहाय बमोजिमका भौचरबाट रु.२,४४,२१०/- खर्च गरेको देखियो । यसरी गरिएको खर्चमा सामाजिक सुरक्षा भत्ता वितरणमा खटिएका बैंक, वडा कार्यालय र सुरक्षा निकायका कर्मचारी र जनप्रतिनिधिको खानाखाजा र आतेजाते खर्चको भुक्तानी गरेको पाइयो । यसरी संघीय सरकारले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको अवस्थामा सोको सहजिकरणका लागि विविध खर्च गर्ने कार्य नियमानुसार नदेखिएको रु.

| गो.भौ.नं र मिति | सोधभर्ना लिने | खर्चको विवरण | रकम |
|---|---|---|---|
| ९४-०८१/०७/२७ | एम.आइ.एस अपरेटर उमेश कुमार मुक्तान | खाना, गाडीभाडा र भ्रमण | ८५९५० |
| २२६-०८१/१०/२० | फिल्ड सहायक राज कुमार चेपाङ | खाना र गाडीभाडा | ७३९१० |
| ५१७-०८२/०३/०२ | फिल्ड सहायक राज कुमार चेपाङ र सुशिल मल्ल | खाना र गाडीभाडा | ८४३५० |
| **जम्मा** | | | **२४४२१०** |

| अनियमित भएको | २,४४,२१० |
|---|---|

## ३५ भरपाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयका देहायका भुक्तानीमा खरिद भएको जम्मा परिमाण सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरेको नदेखिएकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं र मिति | खर्चको बेहोरा | फर्मको विवरण | जम्मा परिमाण | वितरित परिमाण | बाँकी परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७-०८१/१०/०४ | जेष्ठ नागरिकलाई फाइबर सिरक, डसना र पि फर्म वितरण | कृतज्ञ सप्लायर्स (४५-०९/२५) | १९० | १२३ | ६७ | ११७२५० | बिलको विजक नं ४४ लाई काटि ४५ बनाइएको |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८७,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | १,१७,२५० |
|---|---|

## ३६ वहाल कर कट्टी दाखिला

आयकर ऐन, २०५८ को दफा ८८ को १ मा नेपाल स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टी गर ी संघीय संचित कोष दाखिला गर्नुपर्ने ब्यवस्था छ।यस पालिकाले बिभिन्न निर्माण कार्यको तथा उपभोक्ताबाट कार्य गराउँदा अग्रिम कट्टी गरेको ढुवानी

कर संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा निम्न भौचर न बाट रू १६९८४९ ।०० गाउँपालिका संचित कोष दाखिला गरेको देखिन्छ।गाउँपालिकाको खातामा रहेको देहाय बमोजिमको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको रू

| भौचर न र मिति | व्यहोरा | रकम |
|---|---|---|
| २४९।२०८२।३।२४ | सवारी ढुवानी कर | ६४०१३।०० |
| १५९।२०८२।२।२१ | सवारी ढुवानी कर | १०५८३६।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,८४९ |

## ३७ अनुत्पादक क्षेत्रमा खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय बमोजिमका अनुत्पादक क्षेत्रमा बजेट खर्च गरेको छ।विकास निर्माणको लागि विनियोजन बजेटबाट तोकादेशमा र बिल भर्पाइ पेश गरी अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्य नियमानुसार देखिएन । यसमा सम्बन्धित क्षेत्रको ध्यान जानु पर्दछ ।

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३२८-०८१/१२/२० | हेटौंडा भेन्ट्रास क्लब | ३०००० |
| ४६०-०८२/०२/०८ | राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान | ५०००० |
| ४८४-०८२/०२/२१ | नेपाल चेपाङ सँघ | ३०००० |
| ४८६-०८२/०२/२१ | रोटरी क्लब अफ मकवानपुर | ५०००० |
| ४९८-०८२/०२/२२ | नेपाल तामाङ घेदुङ संघ | ४०००० |
| ५०८-०८२/०२/२७ | थाहा कला केन्द्र | २०००० |
| ६०९-०८२/०३/१७ | नेपाल चेपाङ संघ | २०००० |
| ६१०-०८२/०३/१७ | मोबाइल एसोसिएसन अफ नेपाल | १५१०० |

## ३८ मेलापर्व र सांस्कृतिक कार्यक्रममा भुक्तानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दीर्घकालीन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त ऐनले संस्था, समूह, मेला, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिँदैन । साथै ऐनको दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । कार्यालयले देहाय बमोजिमका विभिन्न समितिलाई विभिन्न मेलापर्व, नाच प्रवर्धन र सांस्कृतिक कार्यक्रमका लागि तोकादेश, बजेट व्यवस्थामार्फत, गाउँसभा र कार्यपालिकामा निर्णय गराएको आधारमा रकम भुक्तानी गरेको छ। यसरी वितरित सहायता र भुक्तानी खर्चमा आवश्यक पर्ने मापदण्ड र कार्यविधि निर्माण गरेको छैन। यसरी कार्यालयले पूर्वाधार निर्माण तथा दीर्घकालीन पूँजि निर्माण हुने क्षेत्रमा केन्द्रित भइ वितरणमुखी खर्चमा नियन्त्रण गर्दै आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ। केही उदाहरणहरु देहाय बमोजिमका छन् ।

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १. | कालिका मेला व्यवस्थापन | ४००००० |
| २. | स्यार्से कालिका मेला गत वर्षको | १५०००० |
| ३. | स्यार्से कालिका मेला व्यवस्थापन | १३०००० |
| ४. | घाटुनाच मेला व्यवस्थापन | १९४००० |
| ५. | तामाङ्ग सांस्कृतिक महोत्सव आर्थिक सहयोग | ४०००० |
| ६. | डम्फु सेलो साँझ कार्यक्रम आर्थिक सहयोग | ३०००० |
| ७. | मारुनी नाच व्यवस्थापन | २००००० |

### ३९ सोधभर्ना भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ४० (४) मा उपनियम २ बमोजिम नेपाल सरकारबाट सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायका खरिद, मर्मत र विविध खर्च भुक्तानी कार्य गर्दा सम्बन्धित फर्मलाई रकम भुक्तानी नदिई कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिएको छ । यस्तै वडा कार्यालयको सम्पूर्ण सञ्चालन बजेटबाट भएका विविध, मर्मत, ईन्धन, मसलन्द लगायतका खर्चमा जनप्रतिनिधि र कर्मचारीले रकम सोधभर्ना लिई भुक्तानी दिएको छ । नियमको परिपालना गरी कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिने परम्परालाई निरुत्साहित गर्नुपर्दछ। केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं/ मिति | कार्यको विवरण | सोधभर्ना लिने पदाधिकारी र कर्मचारी | रकम |
|---|---|---|---|
| ५६-०८१/०६/१७ | सवारी साधन मर्मत | ह.स.चा इमान सिंह चेपाङ | ३५८३४ |
| १६६-०८१/०९/११ | मर्मत, विविध, मसलन्द | क.अ लक्ष्मण खतिवडा | ४६७५० |
| २१९-०८१/१०/१३ | सवारी साधन मर्मत | वडाध्यक्ष छेकु लामा | ४६७५० |
| २५६-०८१/१०/३० | सवारी साधन मर्मत | वडाध्यक्ष तिलक बहादुर मुक्तान | २९५१५ |

### ४० शिक्षातर्फ

पालिकाको शिक्षातर्फ देखिएका बेहोरा देहायबमोजिम रहेका छन् ।

४०.१ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनु पर्दछ । पालिकाले ७५ प्रतिशत रकम बराबर रु. २१,८५,६९४ विद्यालयलाई निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी माग गरेको आधारमा थप ६,६८,४९४ गरी जम्मा रु २८,५४,१८८ निकासा दिएको छ । पालिकाबाट अनुगमन गरी निशुल्क पाठ्यपुस्तक वितरणसम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखीकरण गर्नुपर्दछ ।

४०.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिकाभित्र

सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको सङ्ख्या १८४ रहेकोमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्कअनुसार ४६४७ रहेको विवरणबाट देखिन्छ जसअनुसार पालिकाको समग्र शिक्षक विद्यार्थी अनुपात २५.२६ प्रतिशत देखिन्छ जुन तोकिएको अनुपातभन्दा न्यून हो । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

४०.३ **प्रति विद्यार्थी लागत** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका ४८ सामुदायिक विद्यालयहरूमा ५३१४ विद्यार्थी रहेकोमा ती विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. १३ करोड ३ लाख ४ हजारभन्दा बढी निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी खर्च (Per student spending) रु. २४ हजारभन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार पालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४०.४ **शिक्षक तलब भत्ता** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयहरूले शिक्षक र कर्मचारीको तलब भत्ता बैङ्कमार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयहरूलाई तलबभत्ता वापत रकम निकासा गर्दा अघिल्लो त्रैमासिकमा शिक्षक तथा कर्मचारीलाई तलब भुक्तानी भएका केही विद्यालयको भरपाइसहितको माग फाराम रुजु गर्नुपर्नेमा सो गरेको पाइएन । शिक्षा शाखाबाट विद्यालयहरूलाई अनिवार्य तलबी भरपाई पेस गर्न लगाई तलबी विवरण यकिन गर्नुपर्दछ ।

४०.५ **दरवन्दी तथा पदपूर्ति** - आ.व. २०८१।८२ मा यस पालिकामा ४८ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती विद्यालयहरूमा ९९ स्थायी, ६८ करार/राहत, १४ अनुदान तथा १८२ शिक्षक तथा १०४ बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

४०.६ **स्थानीय पाठ्यपुस्तक छपाइ (३११।२०८१।१२।२०)** – स्थानीय पाठ्यपुस्तक (हाम्रो कैलाश) लेखन तथा छपाइ शीर्षकबाट रु. ५,१३,५८५ मा आर आर सप्लायर्सबाट १४५० थान पुस्तक छपाइ गरेकोमा इमिसअनुसार विद्यार्थी सङ्ख्या १२५० मात्र देखिन्छ । आवश्यकता पहिचान नगरी तोकिएको विद्यार्थीभन्दा बढी सङ्ख्यामा छपाइ गरेको नियमसम्मत देखिएन । साथै सोही शीर्षकबाट भौचर नै ६४५।२०८२।०३।२२ मा Illustration book तयारीको लागि कोपिला किताब प्रा.लि.लाई रु. २१,१३१ भुक्तानी दिएकोमा सो किताबमा गुगलमा भेटिने चित्र (स्केच) तयार गरेको पुस्तिका पेस गरेको देखिन्छ । कक्षा ४ को स्थानीय पाठ्य पुस्तक तयारी गर्न दिनानाथ गौतमसँग सम्झौतामा छपाइ सहितको रु. २,००,००० रकम उल्लेख गरेकोमा पुस्तक छपाइ गरी उपलब्ध गराएको पाइएन । सम्झौताअनुसार कार्य गरेको नपाइएकोले भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

४०.७ **शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका ६ माध्यमिक विद्यालयहरूबाट १९४ विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा ८३ विद्यार्थी अर्थात् ४२.८ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड

निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

४०.८ **दिवा खाजा कार्यक्रम** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यार्थी संख्या यकिन गरी राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर तथा विद्यालय छाड्ने दरलाई आधार मानी प्रति विद्यार्थी रु. १५ का दरले वार्षिक अधिकत १८० दिनका लागि दिवा खाजावपातको रकम निकासा दिन सकिने व्यवस्था छ । विद्यालय खुलेको दिन विद्यार्थीलाई खाजा उपलब्ध गराइएको विद्यालयलको प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित विद्यार्थीको संख्यात्मक हाजिरी विवरण पेस भएपश्चात् मात्र दिवा खाजा वापतको रकम निकासा दिनुपर्दछ । पालिकाले यस वर्ष दिवा खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ३४७० विद्यार्थीको लागि सामुदायिक विद्यालयहरूलाई रु. ८३ लाख ३ हजार २२६ अनुदान निकासा दिएको देखिन्छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । पालिकाले दिवा खाजाको सम्बन्धमा अनुगमन गरी विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रुपमा राखेको पाइएन ।

४०.९ **स्यानिटरी प्याड खरिद भण्डारण तथा वितरण** - पालिकाले आ. व. २०८१।८२ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन गर्न गिताश्वीनी प्रोमेड प्रा.लि.बाट रु. ९९००९३ मा ४ थान डिस्पोजल मेसिन तथा १०,००० प्याकेट स्यानेटरी प्याड खरिद गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

• सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा स्थानीय तहले प्रचलित कानूनबमोजिम खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले रु. ७,५०,०९४ को स्यानिटरी प्याड खरिद गरेकोमा सो को लागत अनुमान तयार गरेको पाइएन ।

• दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आपूर्ति गरिएका स्यानीटरि प्याडको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

• दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाइएन । पालिकाले नियमित अनुगमन गरी विद्यायलयहरूले छात्राहरूलाई वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

• दफा ९ मा प्रयोग भएका सेनिटरी प्याडलाई दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नुपर्ने उल्लेख छ । पालिकाले रु. २,४०,००० मा ४ थान डिस्पोजल मेसिन खरिद गरी विद्यालयहरूमा वितरण गरेको देखियो । भौगोलिक रूपमा कार्यविधिमा तोकिएअनुसार विसर्जन गर्न सकिनेमा उक्त मेसिन खरिद गरेको उचित देखिएन ।

४१ **छात्रवृत्ति कार्यक्रम**

गाउँपालिकाले छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० बनाई गाउँपालिका भित्रका विद्यार्थीलाई दफा ३ बमोजिमका ६ प्रकारका छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरेको छ । जसका लागि यस वर्ष छात्रवृत्ति शिर्षकमा रु. ८ लाख बजेट विनियोजन गरेकोमा २५ जनाको निवेदन पेश भएकोमा छनौट गरी जम्मा १३ जना विद्यार्थीलाई उक्त कार्यविधिको दफा १३ मा व्यवस्था भएको छात्रवृत्ति रकम बमोजिम रु. ११,५००/- देखि रु.३,००,०००/- सम्म गरी जम्मा रु. ४,९५,६००/- भुक्तानी गरेको छ । छात्रवृत्ति प्राप्त गर्नेमा चिकित्सा, इन्जिनियरिङ्ग, कृषि, भेटेरिनरी, व्यवस्थापन, मानविकि र शिक्षा लगायत विषयमा अध्ययनरत प्रवीणता तह र स्नातक तहका विद्यार्थी रहेका छन । यसरी कार्यविधिको दफा १५ मा भएको व्यवस्था बमोजिम गाउँपालिकाबाट छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले

आफ्नो अध्ययन पूरा भए पश्चात गाउँपालिकाले खटाएको गाउँपालिका भित्रको जुनसुकै स्थानमा १ वर्ष सम्म काम गर्ने कबुलियतनामा गरेकोमा यसको पालना गर्नुपर्ने देखिन्छ। साथै छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छनौट गर्दा कार्यविधिको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

४२ **क्षमता विकास तालिम** (121-2081-08-11):

चालु - कैलाश गाउँपालिकाको तालिम, गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी ईन्धन, टेलिफोन खर्च सम्बन्धी मापदण्ड, २०७६ मा पालिकाबाट सञ्चालन हुने विभिन्न किसिमका तालिम तथा गोष्ठीको खर्च मापदण्ड तोकिएको छ । पालिकाले प्राविधिक कर्मचारी क्षमता विकास तालिम सञ्चालन गर्न S.D.C Engineering Pvt. Ltd (६०१३७७४४६) संग सम्झौता गरी तालिम सञ्चालन गरेकोमा पालिकाको मापदण्डमा तोकेको दर भन्दा बढी दर राखी भुक्तानी गरेकोले बढी भुक्तानी रकम सम्बन्धीत फर्मबाट असुल हुनुपर्ने रु.

| **क्र.सं** | **खर्चको व्यहोरा** | **संख्या** | **कार्यविधि अनुसार पाउने** | **पाउने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १. | प्रशिक्षकको खाना, खाजा, बास | ३ जना | खाना २५०*२ पटक*७ दिन* ३ जना = १०५००<br>खाजा १५०*२ पटक*७ दिन* ३ जना = ६३००<br>आवास ३००*७ दिन* ३ जना = ६३०० | २३१०० | ३६००० | १२९०० |
| २. | स्टेशनरी र मसलन्द | | एकमुष्ट पाउने रु.७००० | ७००० | ५८४०० | ५१४०० |
| ३. | कन्टिन्जेन्सी | | कन्टिन्जेन्सी वापत पाउने व्यवस्था नभएको | नपाउने | ११०००० | ११००० |
| ४. | मुख्य प्रशिक्षक भत्ता | २ जना | ७ कार्यदिन क्षमता विकास तालिम रहेकोमा ९ कार्यदिनको भुक्तानी भएको प्रति दिन रु.३००० | ४२००० | ५४००० | १२००० |
| ५. | सहायक प्रशिक्षक भत्ता | १ जना | ७ कार्यदिन क्षमता विकास तालिम रहेकोमा ९ कार्यदिनको भुक्तानी भएको प्रति दिन रु.२५०० | १७५०० | २२५०० | ५००० |
| ६. | जोड जम्मा नमिलेको | | Competitive Components and Non Competitive Components को जोड जम्मा गर्दा फरक परेको | २४३९६७ | २५०८६० | ६८९३ |
| **जम्मा बढी भुक्तानी** | | | | | | **९९१९३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,१९३ |

४३ **एस.ई.ई परीक्षार्थीलाई खाजा खाना तथा बास व्यवस्थापन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ । पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वियन गर्नु पर्दछ । पालिकाले पालिकाका ५ वटा माध्यामिक विद्यालयको आ.व २०८१ को एस.ई.ई परीक्षाको सेन्टर कालिका माध्यामिक विद्यालयमा परेका कारण परिक्षार्थीलाई खाना खाजा र आवासको व्यवस्था गर्नका लागि एस.ई.ई परीक्षार्थीलाई खाजा खाना तथा बास व्यवस्थापन खर्च शिर्षकमा रु.५,००,०००/- बजेट विनियोजन गरी खर्च गरेको देखियो । खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं | खर्चको विवरण | फर्म वा व्यक्ति | रकम |
|---|---|---|---|
| १. | सहयोगी पारिश्रमिक | ३ जनाको ९ दिन खाना खाजा र व्यवस्थापन गरे वापत | २३७६० |
| २. | पि फर्म ३०० मिटर खरिद | न्यू त्रिवेणी सप्लायर्स (३८२-१२/०४) | ८१३६० |
| ३. | चामल, दाल, तेल, ग्यास लगायत | सरस्वती ट्रेड लिंकका विभिन्न बिलहरु | ३३७३३० |
| ४. | विभिन्न विविध सामाग्रीहरु | विभिन्न फर्म | ६२१९५ |
| | | **जम्मा** | **५०४६५०** |

माथि उल्लिखित खर्चको परीक्षण गर्दा कालिका माध्यामिक विद्यालयबाट SEE मा संलग्न विद्यार्थीको उपस्थितिको प्रमाण पेश गरेको देखिएन । ५ वटा विद्यालयबाट संलग्न भएका विद्यार्थीको संख्यालाई विद्यालयले प्रमाणित गरेको देखिएन । साथै विद्यार्थीको आवासका लागि ३०० मिटर पि फर्मको सोझै खरिद भएकोमा उक्त फर्मको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार खरिद आदेश र जिन्सी दाखिला भएको नदेखिएकोले उक्त पि फर्मको खरिद आदेश, जिन्सी दाखिला र वितरण भर्पाइको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,३६० |

४४ **शैक्षिक अनुदान** (388-2082-01-08):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले बजेट शिर्षकमा बजेटको व्यवस्था गरी साथै कार्यपालिका वैठकको निर्णयको आधारमा मनहरी बहुमुखी क्याम्पसलाई रु.१,५०,०००/- शैक्षिक अनुदान उपलब्ध गराएकोमा उक्त अनुदानको अनुगमन गरेको प्रतिवेदन र खर्चलाई पुष्ट्याई गर्ने बिल भर्पाइ पेश भएको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४५ **खेलकुद कार्यक्रम**

४५.१ कैलाश गाउँपालिका खेलकुद विकास समिति - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ । नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कैलाश गाउँपालिकामा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न कैलाश गाउँपालिका खेलकुद विकास समितिको गठन गरेको देखियो । यसरी खेलकुद विकास समितिको गठन गर्दा कार्यविधि बनाएको देखिएन । उक्त खेलकुद विकास समिति मार्फत भएका कार्यक्रमहरुको भुक्तानी पालिकाले उक्त समितिको खातामा गरेको देखियो । यसरी उक्त समितिले कार्यक्रमको बील भर्पाइ पालिकामा पेश गरेको छ । खेलकुद सञ्चालन गर्दा आवश्यक खेल सामाग्रीको खरिद समिति मार्फत नै कोटेशन र सोझै भएको देखियो । कार्यविधि नै नबनाई स्वयम समितिको खातामा खेलकुद कार्यक्रम सञ्चालन गरे वापत रकम भुक्तानी गरेको नियमानुसार देखिएन । यस तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस वर्ष उक्त समितिमार्फत देहायका भौचरबाट जम्मा रु.२०,२४,५००/- खर्च भएको छ ।

| गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | रकम |
|---|---|---|
| २८६-०८१/११/२६ | मैत्रीपूर्ण खेलमा भएको खाजा खर्च | २४५०० |
| ४०४-०८२/०१/१६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ५००००० |
| ४०५-०८२/०१/१६ | खेलकुद सामाग्री खरिद | २००००० |
| ४०६-०८२/०१/१६ | अध्यक्ष कप फूटबल प्रतियोगिता | ८००००० |
| ४०७-०८२/०१/१६ | उपाध्यक्ष कप भलिबल प्रतियोगिता | ५००००० |
| जम्मा | | २०,२४,५०० |

४५.२ खेलकुद कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ । पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्दछ । गाउँपालिकामा विभिन्न किसिमका खेलकुद कार्यक्रम संचालन गर्नका लागि कैलाश गाउँपालिका खेलकुद विकास समितिको गठन गरी सोही समितिको खातामा खेलकुद कार्यक्रमका लागि रकम भुक्तानी भएको देखियो । साथै अन्य समूह वा स्वयम् कार्यालय बाट पनि कार्यक्रम संचालन भएको देखियो । गाउँपालिकाले खेलकुद कार्यक्रममा पालिकातर्फ रु.२८,०८,२५०/- बजेट विनियोजन गरी खर्च गरेकोमा उक्त खर्चको लागि मापदण्ड स्वीकृत गरेको देखिएन । खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल, लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामाग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता वितरण गरेको देखियो । खेलाडी र समितिले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन । साथै वितरित सामाग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन । यस्ता समिति र समूहहरुलाई गाउँपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामाग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ । यस्तै नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं र मिति | कार्यक्रमको विवरण | सञ्चालन | भुक्तानी रकम |
|---|---|---|---|
| १. | मैत्रीपूर्ण खेलमा भएको खाजा खर्च | कैलाश गा.पा खेलकुद विकास समिति | २४५०० |
| २. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | कैलाश गा.पा खेलकुद विकास समिति | ५००००० |
| ३. | खेलकुद सामाग्री खरिद | कैलाश गा.पा खेलकुद विकास समिति | २००००० |
| ४. | अध्यक्ष कप फूटबल प्रतियोगिता | कैलाश गा.पा खेलकुद विकास समिति | ८००००० |
| ५. | उपाध्यक्ष कप भलिबल प्रतियोगिता | कैलाश गा.पा खेलकुद विकास समिति | ५००००० |
| ६. | भलिबल प्रतियोगिता | पालिका | ३३७५० |
| ७. | फूटबल प्रतियोगिता | रोटरी क्लब अफ मकवानपुर | ५०००० |
| ८. | स्थानीय तह गोल्डकप प्रतियोगिता | पालिका | ३००००० |
| ९. | खेलकुद सामाग्री खरिद | पालिका | ४००००० |
| | जम्मा | | २८, ०८,२५० |

४६ **स्वास्थ्यतर्फ**

४६.१ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधीजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । औषधी खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) पालिकामा औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधि परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्दछ । लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी पालिकाले विश्लेषण गरेको छैन । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्न सङ्घीय सरकारबाट प्राप्त बजेट रु. १२,१०,००० बाट ठेक्कामार्फत रु. ८,५१,१७६ मा सोफी इन्टरनेशनल प्रा. लि. बाट औषधी तथा औषधीजन्य सामग्री खरिद गरेकोमा पुन: भौचर नं १४४ र १४५ बाट रु. ३,५८,८२४ को औषधि सोही फर्मबाट ठेक्काकै दरमा खरिद गरेको देखिन्छ । आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार आपूर्ति गरिएका औषधि स्पेसिफिकेसन तथा गुणस्तर बमोजिको भए नभएको निरीक्षण गरी (Post delivery inspection) प्रतिवेदन राखेको पाइएन । खरिद गरिएका औषधि डव्लु.एच.ओ. जिएमपि सर्टिफाइड हुनुपर्नेमा सो को प्रमाण पेस भएन । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको पाइएन । साथै जिन्सी कितावमा प्राप्त औषधीको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधेको देखिएन । औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको/नभएको सम्बन्धमा यकिन गरी हस्तान्तरणको अभिलेख राख्नुपर्दछ ।

(ग) खरिद भएका औषधी दाखिला गरेको प्रमाण पेस भएन ।

४६.२ **न्यानो झोला खरिद तथा मौज्दात (१४९।२०८२-०३-०३)** : पालिकाले सार्वजनिक खरिद ऐन तथा स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शनले तोकेको विधिअनुसार स्वास्थ्य विभाग, परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसफिकेशनको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/वितरकबाट न्यानो झोला खरिद गर्नु पर्दछ र बर्थिङ सेन्टरमा वितरण गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो नयाँ लुगा लगाउने व्यवस्था मिलाउनु पर्दछ । प्रसुती भए पश्चात सम्बन्धित आमा र बच्चालाई न्यानो झोला वितरण गर्दा अनुसूची -११ बमोजिमको भरपाईको प्रतिलिपि अभिलेखको लागि अनिवार्य रुपमा राख्नु पर्दछ । न्यानो झोला कार्यक्रम अन्तर्गत निरीजमा मेडिको सप्लायर्सबाट रु. ४,१६,२६९ मा ४०० थान न्यानो झोला खरिद गरेको देखिन्छ । न्यानो झोला आपुर्ति भै सकेपछि पालिकाले specification अनुसार गुणस्तर भए/नभएको यकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्दछ । खरिद गरेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाइएन । अघिल्लो आर्थिक वर्षमाहरूमा बर्थिङ सेन्टरहरूमा सुत्केरी सेवा लिएको सङ्ख्या तथा स्वास्थ्य संस्थाहरूबाट माग भएको आधारमा न्यानो झोलाको आवश्यकता यकिन सो को आधारमा खरिद गर्नुपर्नेमा पालिकाले आ. व. २०८०।८१ मा २१८ वटा संस्थागत सुत्केरी सङ्ख्या रहेको अवस्थामा पालिकाले ४०० थान खरिद गरको पाइयो । खरिद गरी लामो समय भण्डार गर्दा गुणस्तरमा ह्रास आउन सक्ने हुँदा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

४७ **न्यायिक समिति सुविधा**

कैलाश गाउँपालिकाको तालिम, गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी ईन्धन, टेलिफोन खर्च सम्बन्धी मापदण्ड, २०७६ मा कार्यालयबाट सञ्चालन हुने विभिन्न किसिमका तालिम तथा गोष्ठी कार्यक्रममा सहभागी भए वापत दैनिक भत्ता पाउने उल्लेख छैन । कार्यालयबाट संचालित न्यायिक समितिसँग सम्बन्धित देहायका कार्यक्रममा देहायका न्यायिक समितिका सदस्यले दैनिक भत्ता लिएकोमा मापदण्डमा व्यवस्था नभएको भत्ता भुक्तानी लिएको नियमानुसार नदेखिएको रु.

| गो.भौ.नं र मिति | कार्यक्रमको व्यहोरा | समिति सदस्य | भुक्तानी रकम |
|---|---|---|---|
| २७२-०८१/११/१२ | मेलमिलापकर्ता क्षमता विकास तालिम | संयोजक बाल कुमार मल्ल ठकुरी, सदस्य भुवन सिंह घलान, सदस्य राममाया प्रजा | १३६०० |
| ३३३-०८१/१२/३० | एक दिवसीय कानुनी अनुशिक्षण कार्यक्रम | | १७००० |
| जम्मा | | | ३०६०० |

| | |
|---|---|
| अनियमित भएको | ३०,६०० |

४८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) को नियम ३ मा भ्रमण आदेशको स्वीकृती, नियम १० मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाइ र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष भ्रमण खर्च शीर्षकमा रु. २०,००,०००/- बजेट व्यवस्था गरी रु. १९,१७,५१५/- खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार खर्च लेखेपनि कतिपय भ्रमण आदेश दर्ता नभएको र भ्रमण अभिलेख पूर्ण रुपमा अद्यावधिक गरी राखेको देखिएन ।

• भ्रमण प्रतिवेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन । यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार देखिएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मूल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँमा गएको र स्पष्ट काम वेगर समेत भ्रमण खर्च भुक्तानी गर्ने गरेको देखियो ।

• विभिन्न कार्यक्रमको लागि भ्रमण गरेकोमा कार्यक्रमको उपस्थितिका लागि पठाएको पत्र र यस कार्यालयबाट कर्मचारी तथा पदाधिकारीलाई छनौट गरी पठाएको पत्र राखेको देखिएन ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर ७ दिनको समयावधी राखी अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सम्बन्धमा विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९ **चेली प्रोत्साहन कार्यक्रम**

गाउँपालिकाले चेली प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बनाइ गाउँपालिकाका २० वर्ष उमेर पुरा गरी विवाह गरेका र प्रविणता पत्र उत्तिर्ण गरेका चेलीलाई प्रोत्साहन गर्न प्रति चेली रु. २०,०००/- का दरमा प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । यसरी कार्यविधिको दफा ५ को बुदा नं ४ र ५ मा आ.व २०७९/८० भित्र विवाह भइ विवाह दर्ता भएको र पहिलो विवाह भएको भनी वडाको सिफारिस पेश गर्ने उल्लेख गरेको व्यहोरा आ.व २०८०।८१ को म.ले.प प्रतिवेदनमा समेत उल्लेख भइ सोमा भएको व्यहोरालाई सच्याइ मिति २०८१/१०/१५ को १५ औं गाउँसभाबाट संशोधन गरी आ.व २०७९/८० पछि विवाह भएका चेलीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख गरेको छ । यसरी भएको संशोधनलाई राजपत्रमा प्रकाशन भने गरेको देखिएन । यस वर्ष चालुको गो.भौ.नं २३० र ५९६ बाट जम्मा १६ जना चेलीलाई रु. २०,०००/- का दरमा जम्मा रु.३,२०,०००/- प्रोत्साहन भत्ता उपलब्ध गराएको देखियो ।

५० **सूचना प्रकाशन खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम सार्वजनिक निकायलेप्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुनेव्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा सरकारी रकम खर्च गर्दा मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । विज्ञापन (नियमन गर्ने) ( पहिलो संशोधन ) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकायले सूचना प्रकाशनवापतको रकम भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियमावलीमा भएको व्यवस्थाको आधारमा गर्नु पर्ने उल्लेख छ ।साथै उपनियम (३) मा उपनियम (२) बमोजिम सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भक्तानी गर्नु अघि ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च शिर्षकमा जम्मा रु.१३,००,०००/- बजेट विनियोजन गरी रु. १२,८४,१३१/- खर्च गरेकोमा सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम प्रतिस्पर्धा नगरी र कोटेशन पेश नगरी सोझै गरेको देखियो । साथै सूचना प्रकाशन गर्दा सम्बन्धित विज्ञापन एजेन्सीलाई सूचनाको कार्यादेश दिएको देखिएन । यसै गरी विज्ञापन एजेन्सीले संचार माध्यमले जारी गरेको बील पेश नगरी आफ्नो मात्र बील समावेश गरी सूचना प्रकाशन वापतको भुक्तानी लिएको देखिएकोले एजेन्सीले कति प्रतिशत सेवा शुल्क निर्धारण गरेको भनी यकिन गर्न सकिएन । यसरी खर्चमा मितव्ययिता ल्याउन ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

| **गो.भौ.नं र मिति** | **विज्ञापन एजेन्सीको विवरण** | **रकम** |
|---|---|---|
| १० र २१० | जोइन मल्टिपल सर्भिस प्रा.लि | १२२५७७ |
| १०-०८१/०५/२७ | नमस्ते मल्टिपल सर्भिस प्रा.लि | ७०२४५ |
| ८४ र १३५ | ग्लोबल मिडिया प्रा.लि | १७९६५५ |
| २६३, ३४१, ४०१, ५४० | सिल्क मिडिया हाउस प्रा.लि | ३०३७४४ |

५१ **कृषितर्फ**

कृषि क्षेत्रको रूपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान कार्यक्रममार्फत विभिन्न व्यक्ति तथा समूहलाई अनुदान प्रदान गरिएको देखिन्छ । यस्ता कार्यक्रम सङ्घीय, प्रदेश तथा स्थानीय तहको स्रोत साधन समावेश गरी सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विभिन्न नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ । सो बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण गर्ने वार्षिक कार्यक्रमअनुसार यस वर्ष यस पालिका मार्फत रु. लाख ३३ लाख ५ हजारभन्दा बढी रकम अनुदानमा खर्च भएको विवरण निम्नानुसार रहेको छ । पालिकाले यस्ता अनुदानका कार्यक्रममा विगत वर्षमा प्रवाह गरेको अनुदानको अभिलेख अद्यावधिक गरी अभिलेख राखेको नपाइएकोले अनुदानमा दोहोरो भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न अनुदान प्राप्त गर्ने कृषकहरूको नाम, ठेगाना, अनुदानको किसिम तथा रकम जस्ता विवरण समावेश गरी वेबसाइटमार्फत सार्वजनिक गर्न आवश्यक छ ।

यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन् ।

| कृषि फर्म/कृषक समूह/सहकारी | वडा नं | अनुदान रकम | अनुदान कार्यक्रमको नाम |
|---|---|---|---|
| अम्बाटार कृषक समूह | ३ | १००००० | तरकारी खेति प्रवर्द्धन |
| अम्बाटार कृषक समूह | ३ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| अम्बाटार कृषक समूह | ३ | २००००० | मकै वाली प्रवर्द्धन |
| अर्गानिक कृषक समूह | ९ | ७५००० | मौरी प्रवर्द्धन कार्यक्रम |
| अर्गानिक कृषक समूह | ९ | ५०००० | अर्गानिक खेति प्रवर्द्धन |
| कालिका एकीकृत कृषि तथा पशु पालन फर्म | ८ | ४०००० | अदुवा/वेसार प्रवर्द्धन |
| कालिकास्थान बहुउद्देशीय कृषि फर्म | ९ | ४०००० | अदुवा/वेसार प्रवर्द्धन |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | ७५००० | मौरी प्रवर्द्धन कार्यक्रम |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | ५०००० | अर्गानिक खेति प्रवर्द्धन |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | ५०००० | मकै वाली प्रवर्द्धन |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | ३०००० | माटो परिक्षण तथा चुना वितरण |
| कुमारी बहुउद्देशीय कृषि फर्म | ९ | ४०००० | अदुवा/वेसार प्रवर्द्धन |
| कोन्ज्योसोम व्यवसायिक मौरी फर्म | २ | १५०००० | मौरी प्रवर्द्धन कार्यक्रम |
| गुँरास बहुउद्देशीय कृषि फर्म | ९ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| गैरीखेत कृषक समूह | 9 | ७०००० | अदुवा/वेसार प्रवर्द्धन |
| गैरीखेत कृसक समूह | ९ | १००००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| गोदावरी कृषक समूह | ८ | ७५००० | वेमौषमी तरकारी खेतिको लागि प्लाष्टिक टनेल निर्माण |
| जलेश्वर बहुउद्देशीय कृषि फर्म | ९ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| डाडाँखर्क बहुउद्देशीय कृषि फर्म | १ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| पाख्रे क्रियाशिल महिला कृषक समूह | ८ | ६०००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| प्रगतिशिल कृषक समूह | १० | ५०००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| प्रगतिशिल कृषक समूह | १० | ७०००० | अदुवा/वेसार प्रवर्द्धन |
| बलमटार कृषक समूह | १० | ७०००० | अदुवा/वेसार प्रवर्द्धन |
| बारेटार बहुउद्देशीय कृषि फर्म | ९ | ५०००० | मकै वाली प्रवर्द्धन |
| राम लक्ष्मी कृषि तथा बाख्रा फर्म | ६ | १००००० | तरकारी खेति प्रवर्द्धन |
| लालुपाते कृषक समुह | ४ | १००००० | तरकारी खेति प्रवर्द्धन |
| वरभन्ज्याङ साना किसान कृषि सहकारी | १ | २००००० | मकै वाली प्रवर्द्धन |
| विलौनी महिला कृषक समूह | ७ | ६०००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| शितल छहारी कृषक समूह | १० | १००००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| | | | |

| | | | |
|---|---|---|---|
| शुभारम्भ कृषक समूह | ९ | ७५००० | वेमौषमी तरकारी खेतिको लागि प्लाष्टिक टनेल निर्माण |
| शुभारम्भ कृषक समूह | ९ | ५०००० | अर्गानिक खेति प्रवर्द्धन |
| शुभारम्भ कृषक समूह | ९ | १००००० | गोठ/खोर सुधार तथा निर्माण |
| संगम बहुउद्देशीय कृषि फर्म | ९ | १००००० | तरकारी खेति प्रवर्द्धन |
| संगम बहुउद्देशीय कृषि फर्म | ९ | ७५००० | वेमौषमी तरकारी खेतिको लागि प्लाष्टिक टनेल निर्माण |
| संगम बहुउद्देशीय कृषि फर्म | ९ | ५०००० | फलफूल खेति अन्तर्गत खर्भुजा |
| संगम बहुउद्देशीय कृषि फर्म | ९ | ५०००० | मागमा आधारीत कृषि यान्त्रीकरण |
| हिमाल कृषक समूह | ४ | २००००० | मकै वाली प्रवर्द्धन |
| हिमाल कृषक समूह | 4 | १००००० | अदुवा/वेसार प्रवर्द्धन |

एउटै फर्मलाई विभिन्न शीर्षकमा रकम अनुदान दिएकोमा उक्त फर्मले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुदानग्रहीको छनोटमा पारदर्शिता कायम गरेको देखएन । अम्बाटार कृषक समूह, कुमारी बहुउद्देशीय कृषि फर्म, संगम बहुउद्देशीय कृषि फर्मलाई एकभन्दा बढी प्रयोजनको लागि पटक पटक अनुदान प्रवाह गरेको उचित देखिएन ।

## ५२ उपभोक्ता समिति परिचालन

५२.१ **उपभोक्ताको काम** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएकोमनासिव मान्न सकिएन।सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन्।

| सि. नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा नं ८ सडक मर्मत उपभोक्ता समिति | सडक निर्माण | ६७६३६० |
| २ | कैलाश ६ शाखा सडक मर्मत उपभोक्ता समिति | सडक निर्माण | ४८५००० |
| ३ | गैरिखेत सिचाई योजना उपभोक्ता समिति | सिचाई योजना | ३८८००० |
| ४ | देउतिस स्याङसिराङ सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | २०२१४२० |
| ५ | गढीखोला सल्याव ढलान उपभोक्ता समिति | सल्याव निर्माण | ९६७८३१ |
| ६ | कोशीराङघट्टेचौर खानेपानी निर्माण उपभोक्ता समिति | खानेपानी निर्माण | ५८२००० |
| ७ | आम्बोटे ग्याविन जाली योजना उपभोक्ता समिति | ग्याविन निर्माण | ४७६१९९ |
| ८ | वडा कार्यालय स्टोर भवन निर्माण उपभोक्ता समिति | वडा भवन निर्माण | ४५२२१४ |
| ९ | डुम्रेबृहत लिफ्ट खानेपानी उपभोक्ता समिति | खानेपानी संरचना | ११०८८८८ |

५२.२ **सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

५२.३ **सार्वजनिक परीक्षण नभएको** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को ७ मा उपभोक्ता समितिले आफुले गरेको खर्चको सुचना सार्वजनिक स्थानमा टास गर्नुपर्ने र आफुले गरेका काम कारवाहीको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधि भित्र सामाजिक परीक्षण गराउनु पर्ने ब्यवस्था छ । यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा संचालन गरी उपभोक्ता समितिबाट गराएको कार्यको आंशिक मात्र परीक्षण गर्ने गरेको देखिन्छ।नियमावलीमा भएको ब्यवस्था पालना गरी सबै कार्यको परीक्षण गराउनुपर्दछ ।

५२.४ **अनुगमन समीक्षा नभएको**- स्थानीय सरकार संचालन ऐन, २०७४को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने ब्यवस्था छ।यस पालिकामा आर्थिक बर्ष २०८१।८२ मा संचालन भएका योजना तथा कार्यक्रम कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राविधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उपप्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन गरेको प्रतिवेदन पेश गरेको देखिन्छ भने पालिकाद्बारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले समीक्षा गरेको प्रतिवेदन छैन । पालिकाद्बारा संचालित योजना तथा कार्यक्रमको स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन गरी समीक्षा गरेको प्रतिवेदन राख्नुपर्दछ ।

५२.५ **घटी जनश्रमदान**- सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर**.** ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउँदा उपभोक्ता समिति र पालिकाले वेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ ।तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको असूल गर्नुपर्ने देखिएको रू

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति र काम | मुल्याङ्न रकम | भुक्तानी हुनुपर्ने रु | भुक्तानी भएको रु | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३८।२०८१।१०।२० | कैलाश६ शाखा सडक मर्मतउ. स. | ५२९८०७ | ४७५८७३ | ४८५००० | ९१२६ |
| २८।२०८१।९।२६ | वडा न ८सडक मर्मत उ. स. | ७३४५४६ | ६५७८६९ | ६७६३६० | १८६८८ |
| १९।२०८१।१०।३ | बाङ्गे खानेपानी मर्मत उ. स. | ४१७४३० | ३७५७८२ | ३८५७८२ | १०५५४ |
| ५७।२०८१।११।८ | गैरिखेत सिचाई योजना उ. स. | ३२३९३९ | २८२५०७ | २९०२७५ | ७९९९ |
| ६३।२०८१।११।८ | वलमटारछापडाडा बाटो मर्मत उ. स. | ४२०५३७ | ३७६६३२ | ३८७३०४ | १०६७१ |
| ६४।२०८१।११।२० | चारघेरेलसिस्रे सडक उ. स. | ४१८९४५ | ३७५३७४ | ३८५८८९ | १०५१४ |
| ७७।२०८१।११।७ | कैलास ७ सडक मर्मतउ. स. | ४६१५३१ | ४१४७३१ | ४२५७७४ | ११०४२ |
| ७८।२०८१।१२।७ | अम्बाटार तुलसीपुर पधेरी सडक उ. स. | ४१७५९१ | ३७५८३१ | ३८४२४३ | ८४११ |
| ७८।२०८१।१२।७ | देउतिस स्याङसिराङ सडक नि .उ .स. | २२१४४२० | १९७८५८४ | २०२१४२० | ४२८३५ |
| ९३।२०८१।१२।२४ | स्याङसेराङ खानेपानी उ .स. | ३०९९८८ | २७८९८९ | २८४५०१ | ५५११ |
| ९३।२०८१।१२।२४ | किङभन्जयाङ पार्क बाटो नि. उ. स. | ५२५६६६ | ४७३०९९ | ४८३३८३ | १०२८३ |
| १०९।२०८२।१।७ | घट्टेखोला खोलाखर्क सिचाई योजना उ .स. | ४१६५६२ | ३७२९४५ | ३८६६११ | १३६६५ |
| ११३।२०८२।१।९ | खर्कचौरगोलेपाखा | ५१९०७४ | ४६६२३२ | ४७९१२९ | १२८९६ |
| १२७।२०८२।१।२३ | वरडाडा माझीटार सडक नि .उ. स. | ३९६३७६ | ३५६६५८ | ३६५१७८ | ८५१९ |
| ११६।२०८२।१।१० | टासि थर्पे छोईलिङ्ग गुम्वा निर्माण उ. स. | ९८२२४० | ८८१०६९ | ९०७५२६ | २४४५६ |
| १२१।२०८२।१।१९ | सालवास भार्ता खानेपानी उ. स . | ४१७५९६ | ३७५८३६ | ३८५५३६ | ९७०० |
| १३४।२०८२।२।४ | हाटवजार संरचना निर्माण | ५२८१४२ | ४७२२११ | ४८५००० | १२७८८ |
| १५४।२०८२।२।१२ | तल्लो आमडाडा रातो पहरा सडक नि. उ. स. | २५४४२८ | २२८९८५ | २३८८२६ | ९८४० |
| १५४।२०८२।२।२२ | नाईजुराङ सडक ढुङ्गा सोलिङ्गाउ. स. | ३००७३८ | २६९७९२ | २७६३६४ | ६५७१ |
| १७५।२०८२।२।२६ | कुवापानी मस्यार सडक नि. उ .स. | ३१६१७७ | २८२४७२ | २९०२०५ | ७७२१ |
| १८३।२०८२।३।१ | ओखरखोला स्कुलटोल चर्च डाडा खानेपानी उ. स. | ५१७८७७ | ४६४६९१ | ४७७३६९ | १२६७७ |
| १८३।२०८२।३।१ | वडा कार्यालय स्टोर भवन निर्माण उ. स. | ४९३५७० | ४४२१८९ | ४५२२१४ | १००२४ |
| १९४।२०८२।३।२ | क्युरेनी खानेपानी मर्मत उ उ. स. | ४१९०७६ | ३७७१६८ | ३८७५४० | १०३७१ |
| २०१।२०८२।३।५ | पुरानो गाउँ वागुने चौवास सडक नि. उ. स. | ४१८८८१ | ३७६९९२ | ३८५८२७ | ८८३४ |
| १४।२०८२।३।१६२ | गोगने कालिकाटार सडक नि .उ.. स ५ | ८६९७०० | ७८२७३० | ७८९५०८ | ६७७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४।२०८२।३।१६ | गिम्दी आलडाडा सडक निर्माण उ. स. | ५२१५९७ | ४६९४३७ | ४७६८१५ | ७३७८ |
| २१६।२०८२।३।१६ | डुम्रेबृहत लिफ्ट खानेपानी उ स | १२०३८३३ | १०८२१२५ | ११०८८८८ | २६७६२ |
| २२६।२०८२।३।१८ | गाउँपालिका भवन प्रोटेक्शन उ.. स | ८८१०६८ | ७९२९६१ | ८१३१७९ | २०२१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५४,८३१ |

५२.६ **नापी किताव**-निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि किताबहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो।उक्त लुज सिटहरु एकीकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन ।यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकीकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ।साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका द्वारा गत आ.व.मा संचालित योजनाहरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन। क्रमागत योजनाहरुको नापी किताब एकीकृत गरी राख्नुपर्ने देखिन्छ।

५२.७ **प्राविधिक बिल र कार्यसम्पन्न** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नु पर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

५२.८ **गुणस्तर परीक्षण**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु /गराउनु पर्ने व्यवस्था छ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याव टेष्ट रिपोर्ट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।कार्यालयले निर्माण तथा खरिद गरेका सामानको परिक्षण गराउन तर्फ ध्यान दिनुपर्दछ।

५२.९ **कर समायोजन पत्र** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखी पठाउनु पर्ने व्यवस्था छ। यसपालिकामा उपभोक्ता समितिका कार्यमा निर्माण ब्यावसायिले बिल पेश गरी उपभोक्ता समितिबाट मु. अ. कर रकम भुक्तानी लिएको देखिन्छ । पालिकाले यसरी निर्माण ब्यवसायीले मू. अ. कर लिएको जानकारी समेत आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ।यसरी

पालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको रू

| गो. भौ.न. र मिति | योजनाको नाम | निर्माण ब्यावसायी नाम | बिजक पेश रकम | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| २३।२०८१।९।९ | सडक सरसफाई उ. स. १० | वालबि कन्स्टक्शन एण्ड सप्लार्स | १५८२०० | १८२०० |
| ३८।२०८१।१०।२० | कैलाश ६ शाखा सडक मर्मत | एस के एस के कन्स्टक्शन | ४५३९२१ | ५२२२१ |
| २८।२०८१।९।२६ | वडा न ८ सडक मर्मत उ. स. | एम के एन निर्माण सेवा | ३३९००० | ३९००० |
| ६८।२०८१।११।२१ | डुम्म्रे गार्खा सडक नि .उ. स. | एम के एन निर्माण सेवा | २५८९९६ | २९७९६ |
| ७३।२०८१।१२।०५ | स्यार्से थामलेक सडक नि .उ. स. | भोजपुरे कन्स्टक्शन | ३४१७१२ | ३९३१२ |
| ७७।२०८१।११।७ | कैलाश ७ सडक मर्मत उ. स. | एम के एन निर्माण सेवा | १८३०६० | २१०६० |
| ७८।२०८१।१२।७ | देउतिस स्याङसिराङ सडक नि उ.स. | राक्सिराङ स्याङताङ निर्माण एण्ड सप्लार्स | ९८७२८१ | ११३५८१ |
| ८०।२०८१।१२।१२ | कैलाश २ शाखा सडक मर्मत उ. स. | कैलाश निर्माण सेवा | ३७६३६८ | ४३३६८ |
| ९३।२०८१।१२।२४ | किङभन्जयाङ पार्क बाटो नि. उ. स. | राक्सिराङ स्याङताङ निर्माण एण्ड सप्लार्स | २१५६०४ | २४८०४ |
| १०६।२०८२।१।७ | कल्छे खहरे खोला नियन्त्रण उ. स. | दिक्षा एण्ड अनुप सप्लार्स | १७९८९० | २०६९५ |
| ११३।२०८२।१।९ | खर्क चौर गोलेपाखा सडक नि. उ.स. | कृष्मा ईफा एण्ड सप्लार्स | २११५३६ | २४३३६ |
| २१४।२०८२।३।१६ | गोगने कालिकाटार सडक नि उ. स. ५ | सुर्य दर्शनईन्जिनियरिङ्ग | ३५७३०६ | ४११०६ |
| १४।२०८२।३।१६ | गिम्दी आलडाडा सडक निर्माण उ स | एच के एम कन्स्टक्शन | २३१७६६ | २६६७६ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१५,४१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९४,१५५ |

## ५३ उपभोक्ता समितिबाट सामान खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। उक्त व्यवस्था अनुसार उपभोक्ता समितिबाट सामान खरिद गर्न नमिल्ने देखिन्छ । तर पालिकाले मिति २०८२।०२।१२ गो भौ न ४६७ मा मगर नौमती वाजा संरक्षण कैलाश ६ उपभोक्ता समितिलाई रु २९१०००। को नरसिंह पाँच हाते, सनै, ढलोक बासुरी मादल लगायतका १४ वटा सामान खरिदको रकम भूक्तानी गरेको छ।नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,९१,००० |

## ५४ लागत अनुमान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम११ मा मालसामानको लागत अनुमानको व्यवस्था गरिएको छ । सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यालयका लागि आवश्यक मालसामानको सोझै खरिद गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेको छैन । तीन वटा फर्मको कोटेशन राखी सबैभन्दा घटी कबोल गर्नेसँग सामान खरिद

गरेको देखियो । यसरी नियमावलीमा भएको व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

| **गो.भौ.नं/मिति** | **फर्मको नाम** | **सामाग्रीको विवरण** | **रकम** |
|---|---|---|---|
| ३९-०८१/०६/१६ | बि.एल प्रेस | बजेट, नीति तथा कार्यक्रम | ६६६२४८ |
| ४०-०८१/०६/१६ | मातृभुमी प्रिन्टिङ्ग सर्भिस | प्रश्नपत्र र उत्तरपुस्तिका छपाइ | ४६१७२० |
| ४९-०८१/०६/१७ | अफिस इसेन्सीयल्स सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ४४७२२६ |
| ५१-०८१/०६/१७ | मेरिडियन आइटी प्रा.लि | ल्यापटप खरिद | १९९००० |
| ७२-०८१/०७/०५ | आर आर सप्लायर्स | योजना किलाब र योजना ब्यानर छपाइ | २९९४५० |
| १७२-०८१/०९/१६ | मातृभुमी प्रिन्टिङ्ग सर्भिस | प्रश्नपत्र र उत्तरपुस्तिका छपाइ | ४६१७२७ |
| २१४-०८१/१०/०७ | जेरिना कम्प्युटर इन्फोसिस | ल्यापटप, सिसिटिभि र अन्य खरिद | ६८१७७७ |
| ४०९-०८२/०१/१६ | आर.जे ट्रेडर्स | ल्यापटप, कार्टेज, माउस | ७८३५४५ |

५५ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन२०६३,को दफा ५ को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ।यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेसन माग गरी भएका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ।यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंम्मत हो भन्न सकिएन।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको ब्यवस्था पालना गर्नुपर्दछ।केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | समानको नाम | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८।२०८१।६।१६ | फनिचर्स तथा फिक्चर्स | न्यू सजावट एण्ड सप्लायर्स | ४३५८८८ |
| २३४।२०८२।३।२३ | फनिचर तथा फिक्चर्स खरिद | ए टु जेट सप्लायर्स | २१५००० |
| २४१।२०८२।३।२३ | ईजलास निर्माण | निर्मल फनिर्चर उधोग | ३४७६१० |

५६ **धरौटी कारोबारतर्फ**

धरौटी फिर्ता (३।२०८१-०६-०७) -- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात उपलब्ध गराएपछि मात्र धरौटीबापतको रकम फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले न्यू जोति कन्स्ट्रक्शनको धरौटी रकम रु. १७७२८२ फिर्ता गर्दा मूल्यअभिवृद्धि कर समायोजनसम्बन्धी प्रमाण संलग्न नगरी भुक्तानी गरेको पाइयो । नियमानुसार सम्बन्धित कर कार्यालयबाट जारी गरिएको मूल्य अभिवृद्धि कर (VAT) समायोजनसम्बन्धी प्रमाणपत्र पेश गर्नुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७७,२८२ |

५७ **फस्र्योट गर्न बाँकी पेस्की**

(क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) र (४) अनुसार प्रचलित कानुन बमोजिम प्रदान गरिएको पेस्कीको म्याद नाघेको तथा म्याद ननाघेको विवरण छुट्टाछुट्टै अभिलेखको रूपमा राख्नुपर्ने र फर्स्योट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयले पेस गरेको विवरणअनुसार आर्थिक वर्षको अन्त्यसम्म फर्स्योट हुन बाँकी म्याद ननाघेको यस आवको रु. २८,१८,५७६ रहेको देखिन्छ । नियमको प्रक्रिया पुर्याई पेस्की फर्स्योट गर्नुपर्दछ ।

| सि.नं. | पेश्कीको विरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनी नाम | पेश्की रकम |
|---|---|---|---|
| ३ | सालबि हुँदै सानोडाँडाखर्क सडक (प्रदेश समपुरक योजना) | एरोन - गुरु-सिपाली जे.भी. | ७०५७६ |
| ४ | किर्तिमान डाँडाहुँदै बनझाक्री खोला (प्रदेश समपुरक योजना) | आयुश्री विल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | २७४८००० |
| जम्मा | | | २८,१८,५७६ |

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा तोकिएको म्यादभित्र पेस्की फर्स्योट नगरेमा पेस्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत असुल गर्नुपर्ने उल्लेख छ । कार्यालयले गत विगतको पेस्की फर्स्योट गर्न बाँकी रहेकोमा हालसम्म पनि फर्स्योट गरेको नदेखिएको नियमानुसार असुल फर्स्योट गर्नुपर्दछ ।

५८ **ठेक्का व्यवस्थापन**

५८.१ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरियशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

५८.२ **ठेक्का व्यवस्था-** सार्वजनिक खरिद ऐन, २०६३को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धिआपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ११ देखि ३९.९६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाले स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य गराउनु पर्दछ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनानिम्न अनुसारछन्।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र दर्ता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१** | सालवासहुदै सानुडाडा सडक | २।२०८१।८२ | ११ | १९९९८९३१ | १०३११८५१ | ३९.९६ |
| २ | मनहरीखोला पक्की पुल देखि कालिकाटार सडक ढलान | ५।२०८१।८२ | ६ | २४८८५३१४ | १९४९६५७८ | २१.६५ |
| ३ | महाभिर खोला खानेपानी योजना | ४।२०८१।८२ | ४ | ५२९९९९२ | ४७०१२३५ | **११.**१४ |

५८.३ **भेरिएशन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को (१ ) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसिकएको परिस्थितीको सम्झौता कार्यन्वनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाइ तोकिए बमोजिमको अधिकारीले तोकिएको कार्यबिधी अपनाई भेरियशन आदेश जारी गर्न सक्ने ब्यवस्था छ।यस पालिकाले यसरी अनुमान गर्न नसकिएको स्पष्ट देखिने गरी कारण नखुलाई सम्झौतामा कायम भएका आइटमको परिमाण घटी बढी गरी निम्न कार्यको भेरियशन आदेश जारी गरेको देखिन्छ। यसरी लागत अनुमान तयार गर्दाका बखत नै यकिन गर्न सकिन परिमाणको योजना कार्यान्वियन गएपछी भेरियशन आदेश जारी गरेको नियमसम्मत हो भन्न सक्ने आधार देखिएन।कार्यालयले आयोजनाको लागत अनुमान तयार गर्दाको बखत नै अधिकार प्राप्त अधिकारीलेलागत अनुमानतथा ड्रइङ्ग डिजाइनको विस्तृत अध्ययन गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

| सि. नं. | योजनाको नाम | शुरू लागत अनुमान | संशोधन अनुमान | सम्झौता रकम | सशोधन सम्झौता | भेरिएशन रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | दश शैया अस्पताल निर्माण | ८००४९३०६१।३० | ९०९५७१५८।९३ | ५८४३२८९९ | ६६०२९१७५८७ | ७५९६२७६ | १२.९९ |

५८.४ **बिल भन्दा बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को (१) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने व्यवस्था छ ।यस कार्यालयले किर्तिमानडाडा फास्ट ट्र्याकभार्ता सडक निर्माण कार्यको बिल रकम भौचर न ७४।२०८१।१२।७ बाट वि .पि/ ए. वि. एस. जे. भी. लाई भुक्तानी गर्दा योजनाको सम्झौतामा पि एस आईटममा विमा वापत रू ७००००।०० राखेकोमा उक्त कार्यको लागि रू १९६२०८।०० भुक्तानी भएकोले रू १२६२०८।०० बढी भुक्तानी गरेको देखिन्छ । यसरी कार्यालयले पि. एस. आईटममा राखेको भन्दा बढी भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू

| असुल गर्नुपर्ने | १,२६,२०८ |
|---|---|

५८.५ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको व्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।पालिकाले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य,प्राप्त भएको माल सामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा प्राप्त भएको मिति र सम्पन्न निर्माण कार्य,प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति लगाएतको व्यहोरा सहितको प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । कार्यालयले यो बर्ष संचालित र गत बर्षका योजना यस बर्ष सम्पन्न भएका आधारमा कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । कार्यालयले आर्थिक बर्ष २०८०।८१ मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको बिवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन।कार्य सम्पन्न प्रतिबेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन। अतः कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ।

| सोधभर्ना नलिएको |
|---|

५८.६ **विल भन्दा बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने व्यवस्था छ ।यस कार्यालयले दश शैया अस्पताल भवन निर्माणको सातौं बिलसम्मको रकम रू ४४३६४२००।६४ मुल्याङ्कन गरी भौचर न १० र ९ बाट मिति २०८२।१।१८ मा रू ५४८६२७९।०० भुक्तानी गरेकोमा आठौं विलको मुल्याङ्कन रू ५३००४८५७।०३ गरेकोमा सातौ विलसम्मको रू ४४३६४२००।३४ घटाई रू ८६४०६५७।०३ भुक्तानी गर्नुपर्नेमा रू ९२७१९०८।०० भुक्तानी गरेकोले रू ६३१२५०।९७ आशिष / आर्शिवाद स्वामिनारायण जे भी लाई बढी भुक्तानी दिएको देखिन्छ । यसरी बिल भन्दा बढी भुक्तानी भएको रकम सम्वन्धित व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रू.

| असुल गर्नुपर्ने | ६,३१,२५०.९७ |
|---|---|

५८.७ **सालवास सडक निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ५९ को ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले काम शुरू नगरेमा, काम शुरू गरी विचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने र उपदफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुनेछ र सम्झौता

अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाकी सरह असुल उपर गरिने ब्यवस्था छ ।यस कार्यालयले आर्थिक बर्ष २०८१।८२ मा सालवास हुदै सानैडाडा सडक योजना निर्माणको लागि सुचना प्रकाशन गरी ठेक्का न २।२०८१।८२ बाट निर्माण कार्य गर्न श्री एरोन गुरू सिपालि जे.भी सँग मिति २०८२।२।३० भित्र सम्पन्न गर्ने गरी रू ११६६०५६३।९१ मा सम्झौता गरेको देखिन्छ। कार्यालयले कार्य सम्पन्न गर्न पटक पटक सुचना प्रकाशन गरी म्याद थप २०८२।३।१५ सम्म गरी कार्य गराउन प्रयास गर्दा पनि जम्मा रू ७१६२४४०।७२को मात्र कार्य गरेको र कार्य सम्पन्न नभएको भनि पालिकाले मिति २०८२।५।२ गतेको निर्णय न १ बाट ठेक्का सम्झौता रद्द गरी खरिद नियमावली बमोजिम कारवाहीको लागि सिफारिस गरेको देखिन्छ भने निजको नाममा कायम रहेको कार्य सम्पादन जमानत वापतको रू २६६३०००।०० जफत गरेको देखिएन ।अत कार्यालयले खरिद ऐनमा भएको व्यवस्था पालना गरी बाँकी कार्यको सरकारी बाँकी सरह असुल गर्नुको साथै कार्यसम्पादन जमानत वापत प्राईम कमर्सियल बैक मकवानपुरले दिएको जमानत रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,६३,००० |

५८.८ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले आर्थिक बर्ष २०७७।७८ मा दश शैया अस्पाताल निर्माणको लागि ठेक्का सम्झौता गरी आर्थिक बर्ष २०८१।८२ सम्म रू ६,५३,२९,२६७।८५ भुक्तानी दिएको देखिन्छ भने चालु आ.व.२०८१।८२ मा रू ३,१३,९१,५६३. भुक्तानी दिएको देखिन्छ । कार्यालयले चालु आर्थिक बर्षमा कन्टेन्जेन्सी वापत रू १६,०५,७५०।०० खर्च गरेको देखिन्छ ।

## ५९ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका ११ विभिन्न योजना सञ्चालन गरी ७० जनालाई जम्मा ज्यालास्वरूप रु. ४८,१०,४२२ खर्च भएको विवरण पेस भएको छ ।

(क) कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

(ख) आयोजनाको छनोट - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८१।८२ मा ११ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा केही योजना सडक सरसफाइ तथा मर्मतसँग सम्बन्धित रहेको पाइयो । पालिकाले सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनोट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

(ग) श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाई काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

## ६० सहकारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ख) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने तथा सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ । पालिकाभित्र उत्पादक सहकारी ११, वित्तीय सहकारी ५ तथा १ बहुउद्देश्यीय सहकारी सञ्चालनमा रहेकोमा ५ वटा प्रदेश नियामक अन्तर्गत पर्ने भएकोले प्रदेश फिर्ता गरेको विवरण प्राप्त भएको छ ।

(क) सूचना प्रणालीमा अभिलेख : सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाले मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्नुपर्नेमा गरेको पाइएन । उक्त प्रणालीमा 3 सहकारी संस्थाले मात्र विवरण अद्यावधिक गरेको देखिन्छ ।

(ख) लेखापरीक्षण प्रतिवेदन : सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । पालिकाभित्रका सम्पूर्ण सहकारी संस्थाहरूले समयमै लेखापरीक्षण सम्पन्न गराएको पाइएन । सञ्चालनमा रहेकामध्ये ३ सहकारी संस्थाले लेखापरीक्षण गराएको विवरण प्राप्त भएको छ ।

(ग) अनुगमन : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ६१ सामाजिक सुरक्षातर्फ

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१।८२ मा पालिकाले २०६७ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता स्वरूप कुल रु. ८,६५,९०,९८५ वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ गाउँ कार्यपालिकाका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको नियमित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

निष्क्रिय खाताको रकम - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची -११ बमोजिमको ढाँचामा प्राप्त गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत २ बैंकका ४ शाखा मार्फत लाभग्राहीलाई भत्ता वितरण गरेकोमा सो अनुसारको विवरण प्राप्त गरेको देखिएन । लगत कट्टा पश्चातको बैंकबाट विभिन्न मितिमा रु. २,५३,७७८ फिर्ता दाखिला गरेको देखिएतापनि लगत कट्टा भएको लाभग्राहीको रकम यकिन गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अयोग्य ठहर भएको लाभग्राहीको सम्बन्धितको बैंक खातामा रहेको रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कैलाश गाउँपालिका, मकवानपुर , कैलाश गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमुल श्रेष्ठ | २०८१-६-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री राम प्रसाद शर्मा | २०७७-३-१ | २०८३-०१-०३ |
| लेखा प्रमुख | नविन घिताल | २०७८-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,१४६,०६८.९७ | २,१६६,४१० | २,२११,८६३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,५२४,३४१.९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १०३,२२८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,४२१,११३.९७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६५९७५५५५.१७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९३०४२२९० | चालु खर्च | २६५८६०१३१.३१ |
| प्रदेश सरकारबाट अनुदान | ७४१८०२५१ | पूँजीगत खर्च | १५५०५१०९७.०७ |
| राजश्व बाँडफाँट | ११६६९८८४०.४९ | वित्तीय/अन्य व्यवस्था | १४३८६९७६५.९१ |
| आन्तरिक आय | ८५७१२९२.०९ | | |
| अन्य आय | ८३६८८१८७.८९ | | |
| कुल आय | ५७६१८०८६१.४७ | कुल खर्च | ५६४७८०९९४.२९ |
| बाँकी मौज्दात | | ७७३७५४२२.३५ | |

**अनुसूची - २**

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स. | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| आर्थिक सङ्केत | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ११,६४,२०,४९०.१४ | १०,८०,७३,१८०.३५ |
| १३००० | अनुदान | २९,३५,३२,२०१.८९ | ३०,९६,१९,४२४.२६ |
| १४००० | अन्य राजस्व | १,८३,१६,८३४.६५ | ८०,९९,९९३.५३ |
| १५००० | विविध प्राप्ति | ३,८२,२४४.०० | २,५५,६२५.०० |
| क | कुल जम्मा प्राप्ति | ४२,८६,५१,७७०.६८ | ४२,६०,४८,२२३.१४ |
| ३ | चालु | २६,५८,६०,१३१.३१ | २६,८३,४०,५०६.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | १६,०२,३५,५२८.४७ | १३,७२,०८,२३६.३५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,१०,९६,५८४.५५ | ८,६७,३४,७३१.६० |
| २५००० | सहायता (Subsidy) | ३,४८,०८,६०६.२९ | ३,४८,४३,०१९.८३ |
| २६००० | अनुदान | १,६४,०००.०० | २०,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ४२,६३,६१०.०० | ४७,६९,९०८.०० |
| २८००० | अन्य खर्च | ५२,९१,८०२.०० | ४७,६४,६११.०० |
| ४ | पूंजीगत | १५,५०,५१,०९७.०७ | १७,११,९४,५६७.०० |
| ३१११० | भवन तथा संरचना | १,४४,८६,२७०.०० | १,४०,४५,७०७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ९,५२,९७४.०० | ३९,९७,९३८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २४,४९,६८८.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | १३,३६,६२,५६९.०७ | १५,००,३५,८५३.०० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ३,७३,८९२.०० | २,७१,०४०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ३१,२५,७०४.०० | २८,४४,०२९.०० |
| ५ | वित्तीय | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४२,०९,११,२२८.३८ | ४३,९५,३५,०७३.७८ |
| ग) | बचत /कमी (ग = क-ख ) | ७७,४०,५४२.३० | -१,३४,८६,८५०.६४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको | ३१,१०,८१३.९० | ३५,६०,११२.३३ |

| | | | |
|---|---|---|---|
| | थप/घट (+/-) | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १,०८,५१,३५६.२० | -९९,२६,७३८.३१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,५९,७५,५५५.१५ | ७,५९,०२,२९३.४६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,६८,२६,९११.३५ | ६,५९,७५,५५५.१५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।